मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

# पूर्वाञ्चल

श्रीअन्नु प्रकाशन (प्रा.)लि.

Purwanchal National Daily

◆ वर्ष : २५ ◆ अङ्क : ८२ ◆ पृष्ठ ६ ◆ बिर्तामोड ◆ वि.सं. २०७६ माघ २४ गते शुक्रवार (Friday, February 7. 2020) नेपाल सम्वत् ११३९ Web : www.purwanchaldaily.com ◆ मूल्य रु. : ५/- भारतमा भारु. : ४/-

**मन्टेश्वरी तालिममा भर्ना खुल्यो**

- मन्टेश्वरी तालिम लिन इच्छुक महानुभावहरुको लागि भर्ना खुलेको जानकारी गराउँदछौं ।
- यही मिति २०७६ माघ २६ गतेदेखि १ हप्ते, दुई हप्ते, एक महिने तथा ३ महिने कोर्षहरुमा मन्टेश्वरी तालिममा भर्ना खुलेको जानकारी गराउँदछौं ।

*नोटः यस स्कूलमा कक्षा PGमा नयाँ भर्ना खुलेको समेत जानकारी गराउँदछौं ।*

सम्पर्कः वेष्ट फ्युचर मन्टेश्वरी स्कूल एण्ड ट्रेनिङ्ग सेन्टर, बिर्तामोड, झापा

फोन नं. ०२३-५४२६४७, ९८४९२५९७२९, ९८४१८९७४४७

## किच्चकबध मेला जान सार्वजनिक बिदा



**भद्रपुर, माघ २३।** झापाका तीनवटा स्थानीय तहले आइतबार सार्वजनिक बिदा दिएका छन् ।

महाभारतकालीन इतिहाससँग जोडिएको झापाको भद्रपुरमा लाग्ने किच्चकबध धार्मिक मेलाको अवसरमा भद्रपुर नगरपालिका, कचनकवल र हल्दिबारी गाउँपालिकाले आइतबार सार्वजनिक बिदा दिएका हुन् । पालिकाहरूले छुट्टाछुट्टै सूचना जारी गरी बिदा दिएको घोषणा गरेका हुन् । सो दिन स्थानीय तह अन्तर्गतका सम्पूर्ण सरकारी कामकाज बन्द रहनेछन् ।

प्रत्येक वर्ष माघे शुल्क पूर्णिमा अर्थात् स्वस्थानी व्रतको अन्तिम दिन धार्मिक परम्परा अनुसार भद्रपुर-२ र ३ नम्बर वडामा रहेको किच्चकबधमा मेला लाग्ने गरेको छ । यसबर्ष माघ २६ गते आइतबार मेला लाग्ने भएको छ ।

किच्चकवधमा रहेको ऐतिहासिक, धार्मिक पोखरीमा माघे शुक्ल पूर्णिमा दिन स्वतस्फूर्त पानी आउने गरेकोले सो पोखरीमा नुहाउँदा भक्तजनहरूले इच्छाएको मनोकामना पूरा हुने धार्मिक विश्वास रहेको छ ।

किम्बदन्ती अनुसार बिराट राजाका सालो किच्चक सेनापति थिए । पाँच पाण्डवकी रानी द्रौपदीको यौवन र रूपमाथि कुदृष्टि राख्ने सेनापति किचकलाई भीमसेनले मुड्क्याएर मारेको किम्बदन्ती छ । सोही कथावस्तुलाई आधार मानेर यस ठाउँको नाम किच्चकबध राखिएको किच्चकबध ऐतिहासिक, धार्मिक तथा पर्यटकीय स्थल संरक्षण समितिका सचिव मदन कँडेलले जानकारी दिए ।

### बिर्तामोडमा बदामको व्यापार

# सडकमै करोड कमाउँछन् भारतीय

**बिर्तामोड, माघ २३।** झापाको बिर्तामोडस्थित सडक पेटीमा बदाम बेचेर भारतीय नागरिकले करोड कमाउँछन् भन्दा झट्ट सुन्ने जो कसैलाई अचम्म लाग्न सक्छ । तर, वास्तविकता यही हो ।

भारतको सुल्तानगढका २५ जना प्रत्येक वर्ष जाडोयाम शुरु भएसँगै बदाम बिक्रीका लागि नेपाल आउने गरेका छन् । कात्तिक शुरु भएसँगै नेपाल आउने उनीहरुले माघको अन्तिमसम्ममा हरेक वर्ष ९६ लाख मूल्य बरावरको बदाम बिक्री गर्ने गरेका छन् । ती २५ जनाले स्थान चयन गर्दै १० ठाउँमा बदाम बिक्रीका लागि राख्ने गरेका छन् । उनीहरुको बदाम बिक्री गर्ने स्थान सडकपेटी नै हुन्छ ।

बिर्तामोड नगरपालिकाको कार्यालय अगाडि बदाम विक्री गर्ने मुस्ताकिम खानले दैनिक दुई बोरा बदाम बिक्री गर्छन् । ४० केजीका दरले दुई बोरा बदाम बिक्री गर्दा दैनिक उनी झण्डै २० हजार रुपैयाँ कमाउँछन् । उनले विक्री गर्ने बदाम प्रति एक पाउको ६० रुपैयाँ पर्छ । एक बोरा बदाममा मात्रै ९ हजार ६ सय रुपैयाँ कमाउने खानले दैनिक दुईदेखि अढाई बोरासम्म बदाम बिक्री गर्दा २० हजार रुपैयाँ आम्दानी गर्ने गरेको उनले बताए ।

जति धेरै जाडो भयो, उति धेरै बदाम बिक्छ- खान भन्छन्- अब गर्मी शुरु हुन लाग्यो, बदाम खासै बिक्दैन ।



अस्ती जाडोको समयमा तीन बोरासम्म बदाम बिक्री गरेँ । प्रतिबोरा तीन हजार रुपैयाँमा खरिद गर्ने बदाम भुटेर बेच्दा ६ हजार ६ सय रुपैयाँ कमाई हुन्छ- उनले भने- काँचो बदाम प्रतिकेजी ७५ रुपैयाँमा खरिद गर्दै भुटेर त्यहीँ बदाम विक्री गर्दा २४० रुपैयाँसम्म आम्दानी हुने गरेको छ । केही रकम दाउरा खरिदमा खर्च हुन्छ- उनले भने- कमाएको मध्ये केही रकमले खाना र बस्ने व्यवस्था मिलाउँछौं । सिजन अनुसार आएका मध्ये हामी राम्रै कमाएर जान्छौं । यहाँ तीन महिना दुःख गर्दा बर्षभरि हाम्रो घर खर्च चल्छ ।

१० वटा ग्रुपमा बदाम बेच्ने हामीले अनिवार्य एक सय बोरा बदाम विक्री गर्ने तार्गेट राख्छौं । कुनै साल एक सय २०/२५ बोरासम्म एक जनाले बदाम विक्री

*(बाँकी अन्तिम पृष्ठमा)*

## पत्रकारले परीक्षा दिनु नपर्ने

**काठमाडौं, माघ २३।** राष्ट्रियसभाको बिहीवारको बैठकले नेपाल मिडिया काउन्सिल विधेयक, २०७६ सर्वसम्मतिले पारित गरेको छ ।

बैठकमा सञ्चार तथा सूचना प्रविधिमन्त्री गोकुलप्रसाद बाँस्कोटाले 'नेपाल मिडिया काउन्सिल विधेयक, २०७६ लाई पारित गरियोस्' भनी प्रस्ताव प्रस्तुत गरेका थिए । मिडिया काउन्सिल विधेयकका सम्बन्धमा विधायन व्यवस्थापन समितिमा छलफल भई सहमति भए अनुसार नै पत्रकारहरुका लागि लाइसेन्स, परीक्षा तथा दर्ताक्रम हटाएर विधेयक पारित गरिएको हो ।

बैठकमा सञ्चारमन्त्री बाँस्कोटाले विधेयकको परीक्षा सम्बन्धी व्यवस्था, लाइसेन्स र दर्ता तथा अभिलेख सम्बन्धी

### राष्ट्रियसभाबाट मिडिया काउन्सिल विधेयक पारित

परेको संशोधन प्रस्तावलाई स्वीकार गरेको घोषणा गरेपछि यसलाई सर्वसम्मतिले पारित गरिएको थियो ।

विधेयक पारित गर्नुपूर्व बैठकमा विधायन व्यवस्थापन समितिको प्रतिवेदनसहित छलफल भएको थियो । छलफलपश्चात् सञ्चार तथा सूचना प्रविधिमन्त्री बाँस्कोटाले सांसदहरुले उठाएको प्रश्नको जवाफ दिँदै मिडियाबाट पीडित भएकाका लागि कानूनी उपचार उपलब्ध गराउने उद्देश्यले विधेयक ल्याइएको बताए । मन्त्री बाँस्कोटाले पोर्चुगलमा पत्रकारका लागि लाइसेन्सको व्यवस्था भएको उल्लेख गर्दै परीक्षाको विषय आफैँमा नराम्रो भने नभएको तर्क राखेका थिए । मिडियाको हातमा सधैँ नाङ्गो तरवार हुनु हँदैन भन्ने हेतुले सरकारले पत्रकारिता क्षेत्रको पेशागत शुद्धता र आचारसंहिता पालना भए/नभएको हेर्न उक्त विधेयक ल्याइएको स्पष्ट पारे ।

मिडिया काउन्सिल, मिडियाबाट पीडित भएका व्यक्तिका लागि न्याय पाउने नियामक निकाय भएको उल्लेख गर्दै मन्त्री बाँस्कोटाले पत्रकारका लागि यो नै

*(बाँकी अन्तिम पृष्ठमा)*

## 'दोषीलाई कारवाही हुनुपर्छ'

**काठमाडौं, माघ २३।** सांसदहरुले ललिता निवासको जग्गा प्रकरणमा कोही दोषी उम्कन नहुने र निर्दोष फस्न नहुनेमा जोड दिएका छन् ।

प्रतिनिधिसभा बैठकपछि पत्रकारहरुसँग संक्षिप्त प्रतिक्रिया दिँदै सांसदहरुले उक्त विषयमा गम्भीर हुनुपर्नेमा जोड दिएका हुन् । समाजवादी पार्टीका संघीय परिषद् अध्यक्ष डा. बाबुराम भट्टराईले ललिता निवास जग्गा प्रकरणमा छानबिन गरेर दोषीलाई कारवाही हुनुपर्छ भन्नेमा आफू स्पष्ट रहेको बताउँदै निर्दोष व्यक्ति फस्न नहुने बताए । डा. भट्टराईले अख्तियार दुरुपयोग अनुसन्धान आयोगको गठन प्रक्रिया गलत रहेको जिकिर गर्दै ऐन, कानून परिणाममुखी नभई प्रक्रियामुखी रहेको जिकिर गरे । प्रक्रियागत त्रुटिका कारण गल्ती नगरेको मानिस फस्ने र गल्ती गरेको मानिस उम्किने सम्भावना रहेको उनको भनाइ छ । उनले अख्तियारले मुद्दा दायर गर्नु स्वागतयोग्य भएको प्रतिक्रिया दिए ।

नियतवश भ्रष्टाचार गरेको छ, जालझेल गरेर नीति-निर्माणमा असर गरी प्रत्यक्ष लाभ लिएको मान्छे उम्केको र परिवन्धवश परेका मान्छे कारवाहीमा परेको देखिन्छ, यसले न्याय गर्दैन गम्भीरतापूर्वक हेर्नुपर्छ- डा. भट्टराईले थपे । उनले आफ्नै मन्त्रिपरिषद्का मन्त्री चन्द्रदेव जोशी पनि परेकोले उनले भ्रष्टाचार गरेको भन्नेमा विश्वास गर्न नसकिने बताए ।

नेपाली कांग्रेसका नेता बालकृष्ण खाँडले निष्पक्ष निर्णय गर्नुपर्नेमा सरकारको दबाबका कारण अख्तियारले राजनीतिक पूर्वाग्रहको आधारमा निर्णय गरेको जिकिर गरे । प्रधानमन्त्रीको स्वीकृति र सहमतिमा पारित हुने विषयमा प्रधानमन्त्रीलाई उन्मुक्ति दिएर अरु मन्त्रीलाई मुद्दा लगाउनु गलत रहेको उनको भनाइ थियो ।

## कुन्यूभित्र भेटियो दुई बन्दुक

**झापा, माघ २३।** बाह्रदशी गाउँपालिका-२ सालघारीस्थित खेतबारीमा रहेको परालको कुन्यूमा लुकाईछिपाई राखेको भरुवा बन्दुक दुई थान बुधबार राति प्रहरीले बरामद गरेको छ ।

भरुवा बन्दुक रहेको भन्ने खबर प्राप्त भएपछि इलाका प्रहरी कार्यालय राजगढबाट खटिएको प्रहरीले परालको कुन्यू खानतलासी गर्दा उक्त बन्दुक फेला पारेको हो । यस सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ ।

## नेकपाको इञ्चार्ज चयन

**शिवसताक्षी, माघ २३।** नेपाल कम्युनिष्ट पार्टी (नेकपा) शिवसताक्षी नगर कमिटीले वडा इञ्चार्ज चयन गरेको छ ।

विहीबार नगर कमिटीको कार्यालय व्याङ्गडाँडामा बसेको बैठकले ११ वटै वडाका लागि वडा इञ्चार्ज र सहायक इञ्चार्ज चयन गरेको हो ।

जसमा वडा नं. १ इञ्चार्ज दुर्गा नेम्वाङ, सहायक इञ्चार्जमा तुलसी दाहाल, वडा नं. २मा इञ्चार्ज दीपेश राई, सहायक इञ्चार्ज कुमार कोइराला, वडा नं. ३ इञ्चार्ज सञ्जय राई, सहायक इञ्चार्ज बलीराम तामाङ, वडा नं. ४मा इञ्चार्ज,

*(बाँकी अन्तिम पृष्ठमा)*

**हार्दिक बधाई तथा शुभकामना**



यस संघका सल्लाहकार **श्री केदार गिरी** नेपाल परिवार नियोजन संघ प्रदेश नं. १को गरिमामय संयोजक पदमा चयन हुनुभएकोमा हार्दिक बधाई ज्ञापन गर्दै सफल कार्यकालको शुभकामना व्यक्त गर्दछौं ।

**ओम पौडेलः** महासचिव **मिलन बस्नेतः** अध्यक्ष

**निर्माण व्यवसायी संघ, झापा परिवार**

**हार्दिक बधाई तथा शुभकामना**



यस संघका सल्लाहकार, पूर्वअध्यक्ष **श्री गोपालबहादुर थापा** नेपाल निर्माण व्यवसायी संघको मानार्थ केन्द्रीय सदस्यमा मनोनित हुनुभएकोमा हार्दिक बधाई ज्ञापन गर्दै सफल कार्यकालको शुभकामना व्यक्त गर्दछौं ।

**ओम पौडेलः** महासचिव **मिलन बस्नेतः** अध्यक्ष

**निर्माण व्यवसायी संघ, झापा परिवार**

**पायल्स तथा फिस्टुला समस्याको सफल उपचार !**

काठमाडौंबाट आउनु हुने डाक्टरद्वारा माघ २४ गते शुक्रवारका दिन पायल्स, फिस्टुला, फिसर, दिसाबाट रगत जाने, पीप देखिने, मलद्वार चिलाउने, मलद्वार बरिपरि घाउ हुने, कब्जियत, मासू पलाएको, त्यस्तै ग्याष्ट्रिक, गानोगोला, अल्सरको उपचार हुने भएकोले विरामी वर्गले अग्रिम नाम दर्ता गराउन सक्नुहुनेछ ।

**माता मनकामना आयुर्वेद क्लिनिक**

अन्दुवा पुल पूर्व दक्षिण, निलो सिसा भएको घर, बिर्तामोड, झापा (०२३-५४४५३८, मो. ९८४२७५७६०४)

नेपालीहरुको लागि भरपर्दो सेवा

**निशान्त मोटरसाइकल पार्टर्स एण्ड सर्भिसिङ सेन्टर**



ROYAL ENFIELD को आधिकारिक बिक्रेता (डिलर) भएकाले ROYAL ENFIELD को सम्पूर्ण पार्टसहरुमा 10% छुट गरिएको छ ।



सातौं बर्षमा प्रवेश गरेको सुखद उपलक्ष्यमा अटो, तीन चक्के टेम्पोको सम्पूर्ण पार्टसहरु उपलब्ध गराउँदै इञ्जिनसहितको सम्पूर्ण मर्मत सेवा सुचारु गरिएको छ ।

यहाँ जुनसुकै कम्पनीको मोटसाइकल, स्कुटर र टेम्पोको सम्पूर्ण पार्टर्स पाउनुका साथै इञ्जिन मर्मत पनि गरिन्छ ।

**निशान्त मोटरसाइकल पार्टर्स एण्ड सर्भिसिङ सेन्टर**

पानीटंकीको पहिलो गल्ली दायाँ साइड

**सूचना**

**२०७५ साल भदौ १ गतेदेखि लागू भएको अपराध संहितामा रहेका मुख्य व्यवस्थाहरुः**

- बैंक नोट वा सिक्का जलाउने, गाल्ने, च्यात्ने वा बैंक नोटमा लेख्नेलाई तीन महिनासम्म कैद र पाँच हजार रुपैयाँसम्म जरिवाना हुने ।
- अनुमति बिनाको तस्वीर खिचेमा वा निजको तस्वीरसँग अरु कसैको तस्वीर राखी अर्को तस्वीर बनाएमा एक बर्षसम्म कैद वा दश हजार रुपैयाँसम्म जरिवाना वा दुबै सजाय हुने ।
- एकको तस्वीरको केही भाग अर्को व्यक्तिको अर्को भागसँग राखी वा अन्य कुनै किसिमले विकृत रुपमा तस्वीर बनाएमा दुई बर्षसम्म कैद वा वीस हजार रुपैयाँसम्म जरिवाना वा दुबै सजाय हुने ।

**नेपाल सरकार**
**सञ्चार तथा सूचना प्रविधि मन्त्रालय**
**सूचना तथा प्रशारण विभाग**

सामुदायिक विद्यालय

**शनिश्चरे माध्यमिक विद्यालय**

अर्जुनधारा-८, शनिश्चरे (झापा)

**भवन विक्रीको सूचना**

**प्रथमपटक प्रकाशित मिति : २०७६।१०।२२**

यस विद्यालयको परिसरमा पश्चिमतर्फ रहेका तपसिल बमोजिमका पुराना भवनहरुका निर्माण सामग्रीहरु जे जस्तो अवस्थामा छन् सोही अवस्थामा विक्री गर्नुपर्ने भएकाले खरिद गरी लिन इच्छुक व्यक्ति/संस्थाहरुबाट के कति मूल्यमा खरिद गरी लिन सक्ने हो सोको विवरणसहित यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र शिलवन्दी दरखास्त आह्वान गरिएको छ ।

**तपसिल**

१. **विक्री गरिने भवनको विवरण :** जस्ताको छाना र ईंटाको पर्खाल भएको अंग्रेजी अक्षर यु आकारको ५ (पाँच) कोठाको १ तले भवन १ तथा सोको उत्तरतर्फ रहेको जस्ताको छाना भएको भवन १ ।
२. **न्यूनतम विक्री मूल्य :** जस्ता र काठको न्यूनतम् मूल्य रु ४,००,०००।- (चार लाख रुपयाँ) तथा ईंटाको न्यूनतम् मूल्य रु ४,००,०००।- (चार लाख रुपयाँ) गरी कुल रु ८,००,०००।- (आठ लाख रुपयाँ) मात्र । दुवै निर्माण सामग्रीको एकसाथ वा छुट्टाछुट्टै निवेदन दर्ता गर्न सकिनेछ ।
३. दरखास्त दिने व्यक्ति/संस्थाले दरखास्त साथ धरौटी स्वरुप रु १०,०००।- (दश हजार रुपयाँ) शनिश्चरे माध्यमिक विद्यालयको एक्सेल बैंक शनिश्चरे शाखामा रहेको खाता नं. ००७००२०००३८२५२००००२ मा जम्मा गरेको सक्कल भौचर संलग्न गर्नु पर्नेछ । उक्त रकम दरखास्त अस्वीकृत भएमा फिर्ता गरिनेछ । दरखास्त स्वीकृत भएमा अन्तिम किश्ताको भुक्तानीमा उक्त रकम कटाई भुक्तानी लिइनेछ ।
४. दरखास्त दिने अन्तिम मितिको भोलिपल्ट दिनको २ बजे सम्बन्धित व्यक्ति/संस्था वा निजको प्रतिनिधिको रोहवरमा प्राप्त दरखास्तहरुको मूल्यांकन गरिनेछ ।
५. दरखास्त स्वीकृत भएको व्यक्ति/संस्थासँग उक्त निर्माण सामग्रीको खरिद विक्रीको सम्झौता गरिनेछ । सम्झौता गर्दाका वखत आफूले कबोल गरेको रकमको ५० (पचास) प्रतिशत रकम जम्मा गर्नु पर्नेछ । बाँकी ५० (पचास) प्रतिशत रकम निर्माण सामग्री उठाई लैजान अगाडि चुक्ता गर्नु पर्नेछ ।
६. दरखास्त स्वीकृत भएको व्यक्ति वा संस्थाले सम्झौता भएको मितिले १५ (पन्ध्र) दिनभित्र उक्त निर्माण सामग्री उठाई लैजानु पर्नेछ ।
७. भवन तथा सामग्री अवलोकन गर्न चाहेमा विद्यालय समयमा सम्पर्क गरी अवलोकन गर्न सकिनेछ ।

Dhanal

प्रधानाध्यापक

## विराट-भरत विश्रान्तिमा पुनः हर्कलाल



**बिर्तामोड, माघ २३।** विराट भरत विश्रान्तिको तेस्रो अधिवेशन तथा वार्षिक साधारणसभा बिहीबार सम्पन्न भएको छ ।

बिर्तामोडमा सम्पन्न अधिवेशनले हर्कलाल गिरीलाई दोस्रो कार्याकालको लागि अध्यक्षमा चयन गरेको छ । समितिको उपाध्यक्ष राजकुमार पोखरेल, महासचिव गोपीकृष्ण प्रसाईं, कोषाध्यक्ष डिल्लीप्रसाद प्रसाईं, सचिवद्वय कञ्चना सिटौला र शिला ढकाल रहेका छन् । सदस्यमा कुलप्रसाद संग्रौला, पर्शुराम सिटौला, सुरेशकुमार अग्रवाल, कल्पना कडरिया, मनबहादुर पाहिम, भूपेन्द्रकुमार सिंह राजवंशी र उमेश डालमिया रहेका छन् ।

मानिसको जीवनको उत्तरार्ध संवेदनशील हुने र सो समय आनन्ददायी रहोस् भन्ने उद्देश्यले विश्रान्तिको स्थापना भएको प्रमुख संरक्षक राजेश खड्काले बताए । यो बृद्धाश्रम नभइ ज्येष्ठ नागरिक सेवा केन्द्र हो- उनले भने । असहाय, अशक्त तथा सन्तानले अपहेलना गरेका बृद्धबृद्धालाई राख्ने ठाउँ भन्ने आमबुझाइ छ तर यो त्यस्तो नभएको उनले प्रष्ट्याए । उनले भने- 'यो बृद्धाश्रम नभइ ज्येष्ठ नागरिक सेवा केन्द्र हो, जेष्ठ नागरिक जिउँदो इतिहास हुन्, उनीहरु धर्म संस्कृति र संस्कारका धरोहर हुन्, उनीहरु समाजका अमूल्य निधि हुन्, उनीहरुको अनुभवलाई सामाजिक कल्याणमा लगाउने उद्देश्य बोकेर विश्रान्तिको स्थापना भएको हो ।'

राजनीतिक विचारक स्व. सीके प्रसाईं (भरतबाबु) को स्मरणमा गिरिराजकुमारी प्रसाईंले दिएको २ विगाह १७ धुर जग्गामा बिश्रान्ति बनिरहेको छ । १६१ जना आजीवन सदस्यले उपलब्ध गराएको रकमबाट उक्त आश्रम निर्माण भइरहेको जनाइएको छ । सेवा केन्द्रमा तीन वटा आवास भवन, एउटा भोजन गृह र एउटा सत्संग भवन निर्माणाधीन छन् । दुई करोड रुपैयाँ बराबरको आम्दानी खर्च विवरण रहेको कोषाध्यक्ष डिल्लीप्रसाद प्रसाईंले साधारणसभामा जानकारी दिए । गिरीको अध्यक्षतामा भएको कार्यक्रममा उपाध्यक्ष पोखरेलले स्वागत गरेका थिए । महासचिव गोपीकृष्णले प्रतिवेदन पेश गरेका थिए । सदस्य सिटौलाले कोषाध्यक्षको प्रतिवेदन प्रस्तुत गरेका थिए ।

कार्यक्रममा सहारा नेपाल साकोसका कार्यकारी प्रमुख महेन्द्र गिरी, शिक्षासेवी गणेश खनाल, आजीवन सदस्य गोपालकुमार बस्नेत, सुरेशकुमार वंशल, युवराज प्रसाईं, मेगेन्द्र लिम्बू र ईश्वरा श्रेष्ठ लगायतले बोलेका थिए ।

### राजनीति छाडेर कृषिमा

# च्याउबाटै बार्षिक ४० लाख कमाई

**सुरेन्द्र भण्डारी**

**बिर्तामोड, माघ २३।** बिद्यार्थी जीवनबाटै राजनीतिमा प्रवेश गरेका बिर्तामोड नगरपालिका-४का भक्तिप्रसाद तिवारी 'विदुर'ले २०६५ सालसम्म राष्ट्रिय जनमोर्चा पार्टीमा रहेर सक्रिय राजनीति गरे ।

सिङ्गो जीवन नै राजनीतिमा व्यतित गर्ने सोच बोकेर अघि बढेका विदुर राजीतिक परिर्वतनसँगै २०६५ सालबाट राष्ट्रिय जनमोर्चा पार्टी परित्याग गर्दै तत्कालीन नेपाल कम्युनिष्ट पार्टी माओवादीमा प्रवेश गरे । माओवादी पार्टीमा समेत सक्रिय राजनीति गरेका उनले २०७० सालको निर्वाचनमा आफ्नो पार्टीले हार व्यहोर्दा भएको निराशाले उनलाई उद्यमी बनायो ।

राजनीतिले घर व्यवहार नचल्ने रहेछ भन्दै २०७१ सालदेखि च्याउ खेती शुरु गरेका विदुरले अहिले एक विगाह क्षेत्रफलमा व्यवसायिक च्याउ खेती गरिरहेका छन् । कृषि विकास वैंकबाट व्यवसायिक च्याउ खेतीका लागि ५० लाख रुपैयाँ ऋण लिएर २०७३ सालदेखि एक विगाह जमिन समेत लिजमा लिँदै च्याउ खेती गर्दै आएका तिवारीले अहिले २५ हजार सिलिण्डर च्याउ रोपेका छन् । प्रति सिलिण्डर डेढ केजीसम्म उत्पादन हुने च्याउ उनले प्रतिवर्ष झण्डै ३२ हजार केजी उत्पादन गर्छन् ।

छ जनालाई प्रत्यक्ष र मौसमी कामदारका रुपमा १०/१२ जनालाई रोजगारी दिएर पनि अहिले च्याउ खेतीबाटै वार्षिक ४० लाख ६२ हजार पाँच सय रुपैयाँ आम्दानी गर्ने गरेको तिवारीले बताए । गत वर्ष पनि यही लक्ष्यका साथ काम गरेको थिएँ, सफल भएँ - तिवारीले भने ।

व्यवसायिक खेती गर्दा लक्ष्य हुन्छ- तिवारीले भने - यो वर्ष २५ हजार सिलिण्डर च्याउ रोपेको छु, प्रति सिलिण्डर १.२५ प्रति केजी च्याउ उत्पादन हुन्छ । त्यसो गर्दा २५ हजार सिलिण्डरमा ३१ हजार २ सय ५० केजी च्याउ उत्पादन हुन्छ ।' उत्पादित च्याउ एक सय ३० रुपैयाँ प्रतिकेजी घरबाटै विक्री गर्छु । एक विगाहमा लगाएको च्याउले यो वर्ष ४० लाखभन्दा बढी आम्दानी गर्छु - तिवारीले भने ।

एक हजार सिलिण्डर च्याउ उत्पादन गर्न ७०देखि ८० हजार रुपैयाँसम्म लागत लाग्ने बताउँदै तिवारीले भने- 'प्रविधिक ज्ञान छैन भने च्याउ खेती गर्दा कृषकले घाटा व्यहोर्नुपर्छ । एउटा मात्रै भुसुनो च्याउ रोपेको सिलिण्डरमा प्रवेश गर्‍यो भने त्यहाँ लाखौं भुसुना उत्पादन गर्दै सबै सिलिण्डरलाई नष्ट



गरिदिन्छ, जसका कारण च्याउ खेतीका लागि प्राविधिक ज्ञान अनिवार्य छ ।'

आफूले च्याउ खेती शुरु गर्दाको अवस्था सम्झँदै तिवारीले भने- 'अहिले त मलाई च्याउ खेतीले राम्रो आम्दानी दिएको छ । नहुँदा पनि खर्च कटाएर आम्दानीको आधाभन्दा बढी रुपैयाँ बचत हुन्छ । तर, शुरुको वर्ष प्राविधिक ज्ञान नहुँदा २०७१ सालमा १६ सय सिलिण्डर च्याउ बिग्रियो, जति बेला मलाई निक्कै ठूलो घाटा लागेको थियो ।'

च्याउ खेतीबाटै सोचे भन्दा राम्रो आम्दानी लिन शुरु गरेपछि उनले झापा विद्रोहका योद्धा टंकप्रसाद चौधरीका लागि जमिन समेत खरिद गरिदिए । २०२८ सालको किसान विद्रोहका क्रममा पक्राउ परेका चौधरीले ९ वर्ष तीन महिनासम्म झापा कारगारमा कठोर जीवन व्यतित गरे ।

किसान आन्दोलनका अगुवा चौधरी जीवनको ७० वर्षको उमेरमा आफ्नो घर नभएर अरुकोमा आश्रय लिएर बसेको थाह पाएँ, मन थाम्न सकिनँ- तिवारीले भने- हिजो म पनि राजनीतिकर्मी थिए, उहाँपनि राजनीति गरेकै कारण जेल पर्नुभयो । अहिले सहाराविहीन भएको सुन्दा आफैंलाई जोडेको जमिनको आधा भाग साढे पाँच धुर जमिन उहाँको नाममा पास गरिदिएँ । चौधरीलाई प्रदान गरेको जमिनको मूल्य अहिले झण्डै १५ लाख रुपैयाँ हुन आउँछ । तिवारीले निःशुल्क प्रदान गरेको जमिनमा बिर्तामोड नगरपालिकाले चौधरीका लागि घर निर्माण गरिदिन लागेको नगरपालिकाका प्रशासन प्रमुख देवराज कार्कीले बताए ।

च्याउ खेती शुरु गर्दा प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना मार्फत विर्तामोड नगरपालिकाबाट दुई चरण गर्दै ८ लाख १२ हजार ४ सय ८० रुपैयाँ अनुदान रकम प्राप्त गरेका तिवारीले यो वर्ष भने अनुदान रकम लिएनन् ।

आफू अहिले च्याउ खेतीका लागि सक्षम व्यवसायी भएको बताउँदै तिवारीले भने- 'मलाई दिने अनुदानको रकम नगरपालिकाले अरु विपन्न समुदायका नागरिकलाई लगानी गर्दै सिप सिकाएर प्रोत्साहन स्वरुप व्यवसाय गर्न सहयोग गरोस् भन्दै अनुदान रकम मैले लिइँन् ।'

बिर्तामोड नगरकै सफल उद्यमीका रुपमा नगरपालिकाले यस वर्ष पनि उनलाई प्रोत्साहन स्वरुप अनुदान रकम प्रदान गर्न लागेको थियो । तर, तिवारी आफैंले विपन्न समुदायको जीवनस्तरमाथि उठाउन आएको अनुदान रकम दुरुपयोग नहोस् भन्दै अनुदान नलिएपछि तिवारीको चर्चा झनै चुलिएको छ ।

तिवारीले रमेश थापा मगरको एक विगाह जग्गा वार्षिक तीस हजार रुपैयाँमा लिजमा लिएर च्याउ खेती गरेसंगै मनग्ये आम्दानी गर्न थालेका छन् । उनकोमा अहिले च्याउ खेती सिक्न आउनेको कमी छैन । उनले आफैंले पनि अरुलाई च्याउ खेतीका लागि प्रोत्साहन गर्दै आएका छन् । अहिले बिर्तामोड नगरपालिकामा झण्डै दश जनाले व्यवसायिक रुपमा च्याउ खेती शुरु गरेका छन् ।

च्याउको मुख्य वजार बिर्तामोड रहेपनि आफूले उत्पादन गरेको च्याउले मात्रै बजार धान्न नसक्ने भएपछि बिर्तामोड सहित पूर्वका बजारमा भारतीय च्याउ आयात हुन्छ । भारतीय च्याउ विस्थापित गर्न हामीले आफ्नै ठाउँमा च्याउ खेती विस्तार गर्दै विदेशिने रुपैयाँ जोगाएर यहीं स्वरोजगार बन्न सक्नुपर्छ- तिवारीले भने- च्याउ खेतीका लागि कोही पनि युवा उत्सुक हुनुहुन्छ भने आउनुहोस्, आफूले सिकेको सिप तपाईहरुलाई पनि सिकाइ दिन्छु ।'

## मेचीनगरमा सूचनाको हक समिति

**काँकरभिट्टा, माघ २३।** सूचनाको हकका लागि राष्ट्रिय सञ्जाल विस्तारको क्रममा विहीवार मेचीनगर स्तरीय समिति गठन गरिएको छ ।

सूचनाको हककी अभियन्ता ईश्वरा तिवारीको उपस्थितिमा मेचीनगरको इँटाभट्टामा आयोजित एक छलफलले छलबहादुर (सीवी) सारु मगरको संयोजकत्वमा मेचीनगर स्तरीय प्रारम्भिक समिति चयन गरेको हो । जसका सदस्यहरुमा रुपसागर अधिकारी, कञ्चन वराल, होमनाथ प्रसाई, इन्द्र सुव्वा, सुवास तिम्सिना, अर्जुन लिम्वू प्रशान्त, सन्तोष राई, पुष्प अर्याल र प्रतापसिंह रुम्बा छन् । संयोजक सारुका अनुसार समितिको आगामी वैठकले मेचीनगरका १५ वटै वडालाई समेटेर सदस्य विस्तार गरिनेछ ।

यसअघि झापाको हल्दिवारी गाउँपालिकामा यामकान्त निरौलाको संयोजकतत्वमा १५ सदस्यीय गाउँपालिका स्तरीय समिति गठन गरिएको थियो । जिल्लाका १५वटै स्थानीय तहमा समिति गठन गरी स्थानीय सरकारका गतिविधिलाई खबरदारी गरिने अभियन्ता तिवारीले जानकारी दिइन् ।

## राजगढमा २८३ जनाको आँखा जाँच

**बिर्तामोड, माघ २३।** बाह्रदशी गाउँपालिका-३ राजगढमा २ सय ८३ जनाको आँखा जाँच गरिएको छ । जसमा ३२ जनामा मोतियाविन्दुको समस्या देखिएपछि मेची आँखा अस्पताल बिर्तामोडमा शल्यक्रिया गरिने भएको छ ।

नेपाल रेडक्रस सोसाइटी वाह्रदशी उपशाखा र बाह्रदशी गाउँपालिका-३को संयुक्त आयोजनामा आँखा शिविर सम्पन्न भएको वाह्रदशी-३की वडा सदस्य लक्ष्मी निरौलाले जानकारी दिइन् ।

नेपाल रेडक्रस सोसाइटी १ नम्वर प्रदेशका कोषाध्यक्ष ओमप्रकाश गौतमको प्रमुख आतिथ्यमा भएको शिविरमा मन्त्री चन्द्रप्रसाद चुडाल, उपशाखा सभापति दयानन्द गोश्वामी, लगायतले बोलेका थिए । बाह्रदशी गाउँपालिका-३का वडा अध्यक्ष वीरेन्द्रप्रसाद राजवंशीको सभापतित्वमा भएको शिविरमा मेची आँखा अस्पताल बिर्तामोडले प्राविधिक सहयोग गरेको थियो ।

### पत्रकारले ...

मूल कानून भने नभएको बताए । उनले काउन्सिलमार्फत मिडियाको विरुद्धमा उजुरी दिन पाउने नागरिकको हकलाई यसले सुनिश्चित गरेको दावी गरे । पहिलो मूल्याङ्कन आफैँले, जाँचकी आफैँ र आफैँ परीक्षार्थी थियो, काउन्सिल अब जाँचकी मात्रै हो, परीक्षार्थी होइन- मन्त्री बाँस्कोटाले जवाफका क्रममा भने । मिडियाको स्वनियमनको विषय अर्को कानूनमा आउने जानकारी दिँदै उनले मध्यस्थता सम्बन्धी विस्तृत कुरा नियमावलीमा समेटिने बताए ।

विधेयक पारित हुनुपूर्व विधेयकउपरको छलफलमा भाग लिँदै नेपाल कम्युनिष्ट पार्टी (नेकपा) का राष्ट्रियसभामा प्रमुख सचेतक खिमलाल भट्टराईले विधेयक मिहीन ढङ्गले छलफल गरेर आएको जिकिर गरे । कम्युनिष्ट पार्टीले स्थापनाकालदेखि नै लोकतन्त्रका लागि पसिना बगाएकाले कुनै आशङ्का नगर्न अनुरोध गर्दै उनले महत्वपूर्ण विषयमा गम्भीर भएर प्रस्तुत हुन सबैलाई आग्रह गरे ।

नेकपाकै सांसद कोमल ओलीले मौलिक हकमै पूर्ण प्रेस स्वतन्त्रताको ग्यारेन्टी गरिएकाले विधेयकमा भनिएजस्तो परीक्षाको आवश्यकता नरहेको बताएकी थिइन् । प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेसका सांसद राधेश्याम अधिकारीले पहिले नै विधेयकका सम्बन्धमा पत्रकारका लागि परीक्षा, लाइसेन्स र दर्ताका विषयमा असहमति राख्दै आएको जानकारी गराउँदै उक्त व्यवस्था हटाएर मात्रै विधेयक पारित गर्नुपर्नेमा जोड दिएका थिए । सञ्चारकर्मीको हरेक दिन हरसमय परीक्षा भइरहेको हुन्छ, श्रोता, पाठकले मन नपराए आफैं हराएर जान्छ भने अर्को परीक्षा किन आवश्यक भयो- सांसद अधिकारीले भने ।

नेपाल मिडिया काउन्सिल विधेयकमाथि राष्ट्रियसभामा भएको दफावार छलफलका क्रममा सांसदहरु रामप्रीत पासवान, जीवन बुढा, बिमला राई पौडेल लगायतले धारणा राखे ।

### नेकपाको ...

कमल लामिछाने, सहायक इञ्चार्ज, शिव विमली, वडा नं. ५मा इञ्चार्ज गुलावी ताजपुरिया र सहायक इञ्चार्ज गणेश सुवेदी रहेका छन् ।

त्यस्तै वडा नं. ६ इञ्चार्ज लक्ष्मीप्रसाद गुरागाईं, सहायक इञ्चार्ज महानन्द बाँस्कोटा, वडा नं. ७ इञ्चार्ज गणेश बजगाँई, सहायक इञ्चार्ज तुलसी बाँस्कोटा, वडा नं. ८मा इञ्चार्ज धनेन राई, सहायक इञ्चार्ज सीताराम निरौला, वडा नं. ९ इञ्चार्ज तीलबहादुर कटुवाल, सहायक इञ्चार्ज डिल्लीप्रसाद प्रसाईं, वडा नं. १० इञ्चार्ज उमानाथ पराजुली, सहायक इञ्चार्ज पुष्प पौडल र वडा नं. ११मा इञ्चार्ज श्रीप्रसाद खरेल र सहायक इञ्चार्ज विर्ख केसी रहेको नेकपा शिवसताक्षी अध्यक्ष महेन्द्र भट्टराईले जानकारी दिए ।

### सडकमै ...

गर्छौं । यो वर्ष हामीले १० ठाउँबाट झण्डै हजार/ एघार सय बोरा बदाम बिक्री गरिसकेका छौं, अब केही दिनपछि घर जान्छौं । एक केजी काँचो बदाम खरिद गर्दै भुटेर विक्री गर्दा एक सय ६० रुपैयाँ बचत हुन्छ- उनले भने- भारतको हाम्रो परिवार नेपालमा बदाम बेचेर चलेको छ ।

बदाम बेच्न आउने मध्ये केहीले लिड गर्दै अरुलाई ज्यालादारीमा राखेर समेत झापाका विभिन्न स्थानमा यो समयमा वदाम बिक्री गर्ने गरेको मुस्ताकिम बताउँछन् । उनी भन्छन् - दुःख नगरी सुःख हुँदैन । यहाँ गरेको दुःखले भारतमा परिवार सुखले पालेको छु ।

नेपालमा काम पाइएन भन्दै नेपाली युवा कामको खोजीमा विदेश गइरहँदा भारतीयले अढाई तीन महिनाको छोटो समयमा लाखौं रुपैयाँ कमाएर लाँदा समेत हाम्रो ध्यान त्यसतर्फ केन्द्रीत हुन सकेको छैन । नेपाली भूमिमा निर्धक्कका साथ बदाम बेचेर मात्रै भारतीयले करोड कमाउँदा हामी नेपाली भने काम पाइएन भन्दै काखीमा राहदानी च्यापेर उनीहरुले नै बिक्री गरेको बदाम खाँदै मेनपावर धाइरहेका छौं ।


## होटल तथा लज भाडामा

झापा सैनिक मोड दृष्टि आँखा अस्पताल छेऊ पूर्ण डेकोरेशनसहितको A/C, Non A/C सहित सुविधासम्पन्न रुमहरु भएको अति चालू अवस्थाको होटल एण्ड लज भाडामा छ ।

सम्पर्कः ०२३-५४४९५०, ९८२३२३२२८८

## आकर्षक घडेरी विक्रीमा

साविक शनिश्चरे-३ हाल अर्जुनधारा नगरपालिका-९ पशु हस्पिटल पूर्वपट्टि ३६ फिट मुख भई पश्चिम फर्केको घरायसी तथा व्यापारिक प्रयोजनका लागि अति उपयुक्त, १६ धुरदेखि २५ घरसम्मका भिट्टाहरु सुपथ मूल्यमा विक्रीमा रहेको जानकारी गराइन्छ । इच्छुक महानुभावले तुरुन्त सम्पर्क गर्नुहोला ।

नोटः बाटोको भाग पिचको बीच भागबाट ५२ फिट कट्टा गरी दिइन्छ ।

सम्पर्कः **एनआईसी एशिया बैंक,** शनिश्चरे शाखा भएको भवन

मोवाइल नम्बरः ९८४२६२४१५०, ९८१७०२१८५५


## मेडिकल बिक्रीमा

झापा बिर्ताबजारस्थित अति चालू अवस्थामा रहेको मेडिकल र ल्याब बिक्रीमा छ । लिन चाहनुहुने महानुभावले तु-सम्पर्क गर्नुहोला ।

मो. ९८८७१३२६४०

## आवश्यकता

आत्मरक्षा (सेल्फ डिफेन्स) सम्बन्धी १४ वर्षदेखिमाथि उमेर समूहका दिदी-बहिनीहरुका लागि दुई दिने निःशुल्क तालिम हुने भएकाले इच्छुक दिदी-बहिनीले तल उल्लेखित व्यक्ति र फोन नम्बरमा सम्पर्क राखी नाम टिपाई दिनहुन अनुरोध छ ।



सम्पर्क व्यक्ति :- छिरिङ तामाङ (वामवर्क) ९८१६०९४५७५, मुना थेवे (सेल्फ डिफेन्स) ९८२५९६२१९६, अशोक राई (सेल्फ डिफेन्स) ९८१६००१२२१, सञ्जीव मोक्तान ९८१५९५००३९

मिति : २०७६साल फागुन २ देखि ३ गतेसम्म | समय : समय बिहान ९ बजेदेखि

स्थान : भूपू सैनिकको प्राङ्गण दूधे (शिवसताक्षी)

आयोजक : फिट प्रो एण्ड जुम्बा हाउस, झिलझिले | प्रायोजक : दुधे डोजो | सह प्रायोजक : नेप्लीज हर्ट

## कर्मचारी तु-आवश्यकता

लक्ष्मीपुरबाट चारपाने हुँदै शनिश्चरे, मदनपुर, सिस्ने, खुदुनावारी, जुकेखाडीसम्म पत्रिका वितरण गर्ने मोटरसाइकल भएको व्यक्ति तु-आवश्यकता परेको हुँदा इच्छुकले सम्पर्क गर्नुहोला ।

तलबः ११,००० (बोनसले गाडी मेन्टेन गर्न पुग्ने) समयः ९:३० सम्म लाग्ने

सम्पर्कः ९८०१४०४०००, ९८१६६४१५७३

## घरजग्गा बिक्रीमा

बिर्तामोडस्थित सिने प्लाजादेखि अन्धुवा खोला पश्चिम खानेपानी ट्यांकी जाने कोलोपत्रे सडकबाट १०० मिटर पश्चिमपट्टि ४ कोठाको टिनको छाना भएको साढे सात धुर जग्गासहित घर विक्रीमा छ ।

किन्न इच्छुकले सिधा सम्पर्क गर्नुहोला ।

सम्पर्क नम्बरः ९८४४६४२०९५, ९८१७९९०२९९

## कर्मचारी आवश्यकता

यस डिपार्टमेन्टललाई निम्न अनुसारका कर्मचारी आवश्यक परेको हुँदा इच्छुकले तु-सम्पर्क गर्नुहोला ।

पदः **मेनेजर**- १ जना | तलबः आपसी समझदारीमा

योग्यताः BBS पास, अनुभवीलाई प्राथमिकता, कम्प्युटरमा दक्ष ।

सम्पर्क मितिः २०७६।१०।२५ गतेसम्ममा

सम्पर्कः **पाथीभरा डिपार्टमेन्टल**, बिर्तामोड, झापा

फोन नं. ०२३-५९०४९४, ९८५२६७२५९६

## बिर्ता (सेफ्टी तथा ढल सफाई)

बिर्तामोड, झापा



(पहाडी क्षेत्रमा पनि यो सेवा उपलब्ध छ ।)

पूर्वाञ्चलमै सबैभन्दा ठूलो भ्याकुम सिस्टमबाट सफाइ गरिन्छ ।

भूपाल बुढाथोकी
023-545402
9825952677
9825952680

सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्झनुहोस् ।


## मेची आँखा अस्पतालको बोलपत्र रद्द गरिएको बारे अत्यन्त जरुरी सूचना

प्रकाशित मिति : २०७६/१०/२४

मेची आँखा असपतालको मिति २०७६ पुष २० गते पूर्वाञ्चल दैनिक, लोकतन्त्र पोष्ट दैनिक र प्रतिदिन दैनिकमा प्रकाशित 'MEH-NCB-1-076/077' को माथिल्लो तला थप गर्ने सम्बन्धी वोलपत्रको प्रकाशित सूचनामा प्राविधिक कारणबस संघको बैठक नं. १०९ माघ २२, २०७६ मा भएको बैठकले वोलपत्र रद्द गर्ने निर्णय गरेको छ । सम्बन्धित वोलपत्र दाताले कार्यालय समयमा सम्बन्धित निर्माण कम्पनीको आधिकारिक पत्रसहित अस्पतालमा सम्पर्क राखी टेण्डरको लागि दिएको विड वोन्ड फिर्ता लान समेत यसै सूचनामार्फत जानकारी गराइन्छ ।

कार्यालय प्रमुख
मेची आँखा अस्पताल, विर्तामोड-३, झापा

प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद्
**नर बहादुर कर्माचार्य स्मृति प्रतिष्ठान**
बिर्तामोड-०४, झापा, नेपालको

## सूचना

प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद् प्रदेश नं. १, प्रदेश कार्यालयबाट छोटो अवधिको सिपमूलक तालिम सञ्चालन गर्ने कार्यक्रम अन्तर्गत यस नरबहादर कर्माचार्य स्मृति प्रतिष्ठानले तपशील बमोजिमका निःशुल्क छोटो अवधिको ३ महिने (३९० घण्टा) व्यवसायमूलक/सिपमूलक तालिम सञ्चालन गर्न लागेको हुँदा १७ वर्ष उमेर परा भएका नागरिक तथा यसअघि कुनै पनि व्यवसायको सोही तहको सिप परीक्षणमा सहभागी नभएका इच्छुक व्यक्तिहरुले आवेदन दिनुहुन १० दिनको यो सूचना प्रकाशित गरिएको व्यहोरा जानकारी गरिन्छ ।

| सि.नं. | तालिमको नाम | सिट संख्या | समय | आवश्यक शैक्षिक योग्यता |
|---|---|---|---|---|
| १. | Village Animal Health Worker | २० | ३९० घण्टा | कक्षा ८ पास |
| २. | Goat Keeper | २० | ३९० घण्टा | साधारण लेखपढ |
| ३. | Bee Keeper | २० | ३९० घण्टा | साधारण लेखपढ |
| ४. | Computer Operator / Computer Hardware | ४० | ३९० घण्टा | कक्षा ८ पास |
| ५. | Off Season Vegetable Training | २० | ३९० घण्टा | साधारण लेखपढ |

- **फाराम बुझाउने ठाउँ :** नर बहादर कर्माचार्य स्मृति प्रतिष्ठानको कार्यालय पुरानो भद्रपुर रोड ।
- **फाराम भर्ने मिति :** २०७६/१०/२२ देखि २०७६/११/०२ गते ४:०० बजे सम्म ।
- **प्रशिक्षार्थी छनौट :** २०७६/११/०५ गते १०:०० बजेदेखि ।

१) महिला, जनजाति, पिछडिएकावर्गलाई विशेष ग्राह्यता दिइने छ ।
२) तालिम अवधिभर खाजा व्यवस्था गरिने छ ।
३) तालिम पछि (CTEVT) द्वारा तह १ को सिप परीक्षण गरी सफल परीक्षार्थीलाई सिपको प्रमाण पत्र दिइने छ

**आवश्यक कागजात :** १) नेपाली नागरिकताको प्रतिलिपि १ प्रति
२. फोटो-२ प्रति ३. शैक्षिक प्रमाण पत्रको प्रतिलिपि

**स्थान : बिर्तामोड वडा नं.-०४, पुरानो भद्रपुर रोड**

सम्पर्क नम्बरहरु : ०२३-५४६२०८/ ९८५२६७५१९७/ ९८४२६२५३८१/ ९८०५३०००४६/ ९८४२७००४२०

शिक्षालय प्रमुख

श्रीअन्तु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित - कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरुप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७९९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी
■ उप सम्पादक : तुलसीप्रसाद निरौला ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१) ■ प्राविधिक : बद्री महतारा
■ प्रोसेसिङ : गोपाल मण्डल ■ बजार प्रतिनिधि: गोपाल अधिकारी-९८०७९१०२२२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी (कार्यालय फोन : ०२३-५४१००२/प्रशासन/विज्ञापन : ०२३-५४००४४) Email: purwanchal2052@gmail.com /purwanchal@ntc.net.np

पूर्वाञ्चल

## सम्पादकीय

# अख्तियार पूर्वाग्राही नहोस्

**बहुदलीय प्रजातन्त्रको स्थापना भएपछि देशमा अनियमितता र भ्रष्टाचार सीमातीत ढंगले बढेको पछिल्लो तथ्यले प्रमाणित गरेको छ । अख्तियारी पदमा बसेकाहरुले गर्न सक्ने पदको दुरुपयोगलाई रोक्न अख्तियार दुरुपयोग अनुसन्धान आयोगले इतिहासमै पहिलोपटक सर्वाधिक ठूलो भ्रष्टाचारको मुद्दा दायर गरेर यस्तो तथ्य सार्वजनिक गर्‍यो । वि.सं. २०४६ सालको राजनीतिक परिवर्तन पछि भएका एकाध भ्रष्टाचारका मुद्दामा पनि तत्कालका प्रभावशाली नेताहरुले नै दोषी पाइएका थिए । यसपटक अत्यन्त चर्चामा रहेको ललिता निवास प्रकरणमा उपप्रधानमन्त्रीसहितका तीन मन्त्री, निजामति सेवाको उपल्लो पदमा रहेका व्यक्ति र दुरुपयोग नियन्त्रण गर्ने प्रमुख आयुक्त लगायत एक सय पचहत्तर जनाविरुद्ध अख्तियारले मुद्दा चलाएको छ । अख्तियारको यो कदमलाई साहसिक र ऐतिहासिक भनेर टिप्पणी हुन थालेको छ ।**

**पद, सत्ता र पैसाको बलमा जस्तोसुकै अपराध पनि क्षम्य हुने कुसंस्कृतिको विकास भइरहेका बेला अख्तियारको यो निर्णय साहसिक मान्नै पर्ला । यद्यपि विवादरहित, आलोचना शून्य, प्रशंसा नै गर्ने तहको चाहिँ होइन । यसअघि पनि विमान खरिददेखि गोर्खा रिसोर्ट, नारायणहिटी, होटल हायात, एनसेल र मेलम्ची लगायतका काण्डहरु त्यत्तिकै कचमचिएका छन् । त्यसको किनारा नलागी रहेको अवस्थामा  सत्ता बाहिरका नेता, कर्मचारी लगायतका विरुद्ध अख्तियारले मुद्दा दायर गरेर सत्ताकै पक्षपोषण गरेको हो कि ! टिप्पणी गर्ने ठाउँ त्यतिकै छ । अझ सत्तारुढ दलका महासचिव, पूर्व प्रधानमन्त्रीहरुले सोही मुद्दामा उन्मुक्ति पाउनु त्यत्तिकै अर्थपूर्ण रहेको मान्ने ठाउँ छ ।**

**चर्चामा रहेका मुद्दामध्ये ललिता निवास प्रकरण राज्यको सम्पत्ति व्यक्तिका नाममा लैजाने ठूलो षडयन्त्र हो । उक्त षडयन्त्रको बीऊ वि.सं. २०४७ सालदेखि शुरु भयो । त्यसयता विभिन्न समयमा गरी झण्डै तीन सय रोपनी जग्गा अतिक्रमण गरियो । जग्गा अतिक्रमणमा भूमाफिया, विचौलिया, राजनीतिक व्यक्तित्व र सरकारी कर्मचारीहरुको मिलेमतो रहेको घटनाले पुष्टि गरेको छ । यतिधेरै व्यक्ति र संस्थाको साझेदारीमा सरकारी सम्पत्ति व्यक्तिगत बनाउन प्रणाली र पद्धतिलाई प्रभावमा पारेका कारण सम्भव भएको हुनसक्छ । त्यसैले अख्तियारले देखाएको आँट स्वागतयोग्य हुँदाहुँदै पनि दोषी भनिएका र प्रमाणले देखिएकाहरुले उन्मुक्ति पाउनुलाई रहस्यमय ठानिएको छ ।**

**अख्तियारको यो कदले अनौठो संशय र प्रश्न उब्जाएको प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेसका वरिष्ठ नेता रामचन्द्र पौडेलले बताएर जग्गा प्रकरण पूर्वाग्रही भएको हो त ! सवाल उब्जाएको छ । नीतिगत निर्णय गर्ने अख्तियारवाला मूल पात्र लगायत सत्तारुढ दल र निकटका पात्रहरु अछुतो हुनुले सवाल कमजोर छैन भन्ने देखाएको छ । प्रधानमन्त्री निवास रहेको आँगन नै असुरक्षित हुन्छ भने देशभरका सार्वजनिक सम्पत्तिको अवस्था के होला ? देवीदेवताका नाममा, पितृहरुको सम्मानमा वा उपकारी कार्यमा समर्पण गरिएका देशभरका हजारौं विगाह जमिन यसरी नै बलपूर्वक अतिक्रमण गरिएका छन् । ललिता निवास प्रकरणको मुद्दाले देशभरका यस्ता सार्वजनिक जग्गा र सम्पदाको संरक्षणमा लाग्ने बाटो देखाओस् । त्यसो भयो भने दोषी कसैले उन्मुक्ति पाउने छैनन् । र, राज्य अनि सरकारको उपस्थितिको अनुभूति दिलाउने छ ।**

# एमसीसीको चर्चा र वास्तविकता

**नारायण पौडेल**

एमसीसी (मिलेनियम च्यालेन्ज कर्पोरेसन) सन् २००४ मा अमेरिकी संसदले स्थापना गरेको विकासशील देशहरुलाई ठूला पूर्वाधार आयोजना निर्माण गर्नमा सहयोग पुर्‍याउने एक साझेदारी संस्था हो । यसले हालसम्म विश्वका करिब ५० देशहरुमा आफ्नो कार्यक्रम सञ्चालन गरिरहेको छ । एमसीसी एउटा नवीन र स्वतन्त्र अमेरिकी सहयोगी नियोग भएकाले विश्वव्यापी गरिबीविरुद्धको लडाइँको अगुवाई गर्न सघाइरहेको बताइन्छ । नेपालमा अहिले चर्चामा रहेको एमसीसी अमेरिकी सरकारको ५० करोड डलर र नेपाल सरकारको १३ करोड डलर लगानी हुने एउटा कार्यक्रम हो । कृषि, सडक, ऊर्जा, बाटो र यातायात प्रमुख क्षेत्र रहेको यस कार्यक्रमले नेपालमा चार सय केभीको विद्युत प्रसारण लाइन, तीनवटा सब स्टेसन र १०० कि.मि. सडक बनाउनुको साथै नेपालको ऊर्जा क्षेत्रलाई प्राविधिक सहयोग समेत उपलब्ध गराउनेछ ।

नेपालमा ५०० मिलियन अमेरिकी डलर (करिब ५५ अर्ब रुपैयाँ) को अनुदान इतिहासमा अहिलेसम्म आएको छैन । यो सम्झौता लागू भएको पाँच बर्षमा झन्डै ६० अर्ब रुपैयाँ नेपालको पूर्वाधार विकासको लागि अनुदान दिने र सोही समयभित्र नेपाल सरकारले त्यस्ता पूर्वाधार विकासमा आफ्नो तर्फबाट झन्डै १५ अर्ब रुपैयाँ खर्च गर्नुपर्ने हुन्छ । साथै सम्झौता अनुसारको अधिकांश अनुदान झन्डै ४५ अर्ब रुपैयाँ विद्युतको अन्तरदेशीय प्रसारण लाइन निर्माणमा खर्च हुनेछ भने बाँकी रकम सडक मर्मत र अन्य विषयमा खर्च हुने उल्लेख छ । यो आयोजनाको समयावधि पाँच बर्षको मात्रै भएकाले आयोजना निर्धारित समयमा सम्पन्न हुन नसके अनुदान रकम फिर्ता जान्छ ।

सन् २००६ बाट औपचारिक शुरुवात भएको एमसीसी युएसएआईडीको भन्दा फरक ढंगले काम गर्ने र वैदेशिक सहायताको क्षेत्रमा कोशेढुंगा सावित होस् भनेर प्रारम्भ भएको बताइन्छ । यस योजना अनुसार सहयोग गर्दा अमेरिकाले सहयोग प्राप्त देशले आफ्नै जनतामा लगानी गरेका छन् कि छैनन् ? स्वास्थ्य, शिक्षामा कति खर्च गरिएको छ ? प्राकृतिक स्रोतसाधनहरु संरक्षित छन् कि छैनन् ? बालबालिकालाई नियमित खोप दिएको छ छैन ? शिशु स्वास्थ्यको अवस्था के छ ? बालिकाहरुले प्राथमिक तह पार गरेका छन् कि छैनन् ? आर्थिक स्वतन्त्रताको अवस्था कस्तो छ ? उद्योग व्यवसाय गर्ने बन्देज, आर्थिक खुल्लापन र स्वतन्त्रता छ कि छैन ? वित्तीय नीति, मुद्रास्फिति, नियमनको गुणस्तर, आर्थिक गतिविधिमा महिलाहरुको सहभागिता, भूमि माथिको हक र पहुँच कस्तो छ ? शासन व्यवस्था विधिको शासन अनुसार चलेको छ कि छैन ? राजनीतिक अधिकार कस्तो छ ? सूचनाको हक र मौलिक हकको अवस्था के छ ? भ्रष्टाचार नियन्त्रणको स्थिती कस्तो छ भन्ने लगायतका मापदण्ड निर्धारण गर्ने गरेको बताइन्छ ।

यसैक्रममा सन् २०१७ को सेप्टेम्बर १४ मा तत्कालीन अर्थमन्त्री ज्ञानेन्द्रबहादुर कार्की अमेरिका भ्रमणमा जाँदा एमसीसीको सहयोग लिने बारेको सम्झौतामा हस्ताक्षर गरेका थिए । उनले हस्ताक्षर गरेपछि २०७४ चैत २० गते नेपाल सरकारले एमसीसीको सहयोग लिने र कार्यान्वयन गर्ने कामका लागि मिलेनियम च्यालेन्ज एकाउन्ट नेपाल नामक विकास समिति गठन आदेश मार्फत स्वीकृत गरेको थियो भने २०७५ असोज ५ गते नेपाल सरकारले ऊर्जा व्यापार राष्ट्रिय गौरवको आयोजना भएकाले एमसीसी आयोजना अन्तर्गत कार्यक्रम सञ्चालन गर्ने निर्णय समेत गरिसकेको छ ।

नेपालमा राजनीति र सत्ता परिवर्तन भइरहने हुँदा एक सरकारले गरेको काम अर्को सरकारले स्वीकार नगर्ने अवस्था उत्पन्न हुनसक्ने परिस्थितीलाई मध्यनजर गर्दै यो जनताबाटै पास गराएर मात्रै कार्यान्वयनमा लैजाँदा अर्को सरकार आउँदा पनि यो काम रोक्न नसकोस् भनेर मात्रै उनीहरुले संसदबाटै पास गराउन खोजेका हुन् । नेपालको सार्वजनिक खरिद नियमावली राम्रो नभएको र कम मूल्य कबोल गर्दैमा ठेक्का दिनैपर्ने बाध्यताले समयमै काम हुन सकिरहेको छैन । त्यसकारण ठेक्का पाउने कम्पनी छान्दा अमेरिकी विधि अनुसार क्षमता भएको र राम्रो काम गरिरहेको कम्पनी छान्ने भनेको मात्रै हो । त्यसैले काम गर्ने कम्पनी छनोट गर्दा नेपाली, भारतीय वा चाइनिज कम्पनी जुनसुकै पनि पर्न सक्छ, अमेरिकी कम्पनी नै चाहिने भनिएको होइन । अर्कोतर्फ भारतसँग सहमति लिनुपर्ने बुँदा पनि नेपालले भारतसँग प्रसारण लाइन निर्माण तथा बिस्तारका सम्बन्धमा सम्झौता गरिसकेको कारण औचित्यहीन भइसकेको छ । त्यसकारण एमसीसीले खोजेको काम गर्ने सहजता हो र त्यसलाई कानूनी मान्यता दिलाउने प्रयत्न मात्रै हो भनिएको छ ।

हुन त अमेरिकाले वैदेशिक सहायताको नाममा आईपीएस, इन्डोप्यासिफिक, एमसीसी जस्ता धेरै रणनीतिक कार्यक्रमहरु विश्वभर फैलाउन खोजिरहेको छ । अमेरिकाका कतिपय रणनीतिक कार्यक्रमहरु हेर्दा यसको भित्री उद्देश्य अन्य देशहरुलाई जस्तै नेपाललाई पनि जबरजस्ती सैन्य गठबन्धनमा तान्ने त होइन भन्ने शंका उठिरहेको छ ।

किनकि पछिल्ला अमेरिकी दस्तावेजहरु हेर्दा इन्डोप्यासिफिक क्षेत्रमा सुरक्षा चुनौति बढ्दै गएको र अमेरिकाको राष्ट्रिय सुरक्षामा असर पर्ने खतरा भएपछि यसले क्षेत्रीय सुरक्षा र विश्वको स्थायित्वलाई नै असर गर्ने महशुस गरी चीनले साउथ चाइना सी मा निर्माण गरेको सैनिक पूर्वाधार, यस क्षेत्रका साना मुलुकमा अपनाइएको आर्थिक तथा सैनिक नीति, उत्तर कोरियाको आणविक हतियार, नेपालमा एमसीसीको सन्दर्भ, अमेरिका चीन बढ्दो विवाद, दक्षिणपूर्वी एसियाली मुलुकहरुमा इस्लामिक स्टेटको बढ्दो प्रभाव लगायतका गतिविधिलाई सुरक्षा चुनौतिका रुपमा लिँदै अमेरिकाले यस क्षेत्रका मुलुकहरुसँग मिलेर काम गर्ने नीति बनाएको देखिन्छ ।

नेपालमा अमेरिकाको एउटै लक्ष्य भनेको चिनियाँ प्रभाव कम गर्ने र आफ्नो लगानीका लागि आवश्यक पूर्वाधार समेत निर्माण गर्ने हो । यसको साथै आफ्नो परराष्ट्र नीतिलाई सुदृढ बनाउने, कुनै पनि सुरक्षा चुनौतिसँग लड्न सक्ने क्षमतामा वृद्धि गर्ने, दक्षिणपूर्वी एसियाली मुलुकसँग प्रतिआतंकवाद गतिविधि सञ्चालन गर्ने, साझेदार देशहरुको प्राकृतिक स्रोत र साधनको व्यवस्थापनका लागि सहयोग गर्ने, चीनको तीव्र आर्थिक विकासलाई रोक्दै आफू शक्तिशाली बनिरहने अस्त्रका रुपमा अहिले अमेरिकाले विभिन्न दस्तावेज निकालिरहेको छ । यस क्षेत्रमा अमेरिकाको मुख्य जोड भनेको अमेरिकी निजी कम्पनीहरुलाई लगानी र व्यापार गर्न सहज हुने वातावरण सिर्जना गर्ने हो । त्यसैगरी अमेरिकी बौद्धिक सम्पत्तिको संरक्षणलाई पनि अमेरिकाले आफ्नो प्राथमिकतामा राखेको कुरा एमसीसीमा उल्लेख छ ।

अमेरिकाले आर्थिक रुपमा कम लगानी भएका मुलुकले पूर्वाधार निर्माण गर्न नसक्ने भएकाले आफ्नो प्रभाव रहेका विश्वका आर्थिक संस्थाहरुको नीतिमा अगाडि बढिरहेको छ । यस क्षेत्रमा गरिबी घटाउने, आर्थिक वृद्धि गर्ने र रोजगारी सिर्जना गर्ने अमेरिकी नीति इन्डोप्यासिफिक रणनीति अन्तर्गत पर्ने भएकाले बढ्दो आर्थिक गतिविधिसँग ऊर्जाको माग तीव्र हुने र त्यसको सुरक्षाका लागि अहिलेदेखि नै तयारी गर्नुपर्ने नीति उसले लिएको हो । त्यसका लागि सन् २०१९ देखि २०३३ सम्म प्रत्येक बर्ष ए मिलियन अमेरिकी डलर यस क्षेत्रमा खर्च गर्ने अमेरिकी योजना छ । त्यसैले यस क्षेत्रमा ऊर्जा सुरक्षाका लागि अमेरिका एक्लै नभई विश्व बैंक र एसियाली विकास बैंकसँग समेत सहकार्य गर्ने नीतिसहित आफू अनुकूलका अन्य कम्पनी पनि नेपालमा लगानीका लागि आकर्षित होउन् भन्ने उद्देश्य राखिएको हुनसक्छ ।

अहिले एमसीसी मार्फत निर्माण हुन लागेको प्रसारण लाइनको निर्माण नेपाल, अमेरिका र भारतको सहकार्यको एउटा परियोजना हो । इन्डोप्यासिफिक क्षेत्रमा मानव अधिकार र प्रजातान्त्रिक मूल्य मान्यताको प्रवर्द्धन सीधै आफ्नो राष्ट्रिय सुरक्षासँग जोडिएको अमेरिकी बुझाइ छ । विशेषतः कम्बोडिया, चीन, उत्तर कोरिया, लाओस, थाइल्यान्ड र भियतनाममा मानव अधिकार तथा नागरिक अधिकार संकटमा परेको भन्दै सो प्रवृत्ति अन्य मुलुकमा पनि बिस्तारै हुँदै जाने र आफ्नो मूल्य मान्यता यी क्षेत्रमा धरापमा पर्ने अमेरिकी विश्लेषण हो । त्यसैले अमेरिकी मूल्य र मान्यताविरुद्ध जाने मुलुकहरु विरुद्ध कूटनीतिक माध्यमले विभिन्न दबाब दिने अमेरिकी रणनीति छ । अर्कोतर्फ चीनको बेल्ट एण्ड रोड इनिसियटिभ ( बीआरआई) बाट चनाखो भएको अमेरिका यो क्षेत्रको पुरानो शक्ति पनि हो । उसले धेरै देशलाई शीतयुद्धताका सुरक्षाको प्रत्याभूति दिलाएको थियो । त्यसैले चीनले नेपालभित्र के गरिरहेको छ भन्नेमा अमेरिकालाई चासो पक्कै छ । तर चीनले गर्नेखालको भौतिक पूर्वाधारमा लगानी र ऋण भन्दा अनुदानै आएपछि चीन पनि सशंकित हुन थालेको छ ।




पछिल्लो समय सबैखाले शक्तिमा अगाडि आउँदै गरेको चीन र रुसलाई अलग्याएर आफ्नो साम्राज्य खडा गर्ने उद्देश्यले सैन्य शक्तिको हेतुले आएको कार्यक्रम इन्डोप्यासिफिक स्ट्राटेजी हो । नेपालले अँगालेको पञ्चशील, असंलग्न नीति र शान्तिको विपक्षमा भएको यो स्ट्राटेजीलाई सोझै स्वीकार नगर्ने देशहरुमा चोर बाटो प्रयोग गरेर आर्थिक सहयोगका नाममा आएको कार्यक्रम एमसीसी हो । इन्डोप्यासिफिक स्ट्राटेजी खासमा अमेरिकाले आफ्नो साम्राज्य कायम राख्नका लागि बनाएको एउटा सैन्य रणनीति हो । यो रणनीतिको मुख्य उद्देश्य नै चीन र रुसलाई अमेरिकाभन्दा शक्तिशाली बन्न नदिने र अन्य छिमेकी देशहरुलाई साथमा लिई यी देशहरुलाई घेर्ने रणनीति हो । सन् १९९० पछि अमेरिकाको हतियारको शक्ति, सैन्य शक्ति र आर्थिक शक्ति क्षीण बन्दै गएको र चीन र रुसलाई नरोके अमेरिका अन्य देशभन्दा कमजोर हुने भन्दै आफू सधैँ शक्तिशाली बनिरहने रणनीतिमा केन्द्रित छ ।

उक्त सम्झौताको अनुसूची ५(क)मा नेपाल सरकारले एमसीसीलाई चित्त बुझ्ने योजना तयार पारी पठाउनुपर्नेछ र त्यस्तो योजना पठाउँदा भारत सरकारले सो योजनाको समर्थन गरेको हुनुपर्नेछ । त्यस्तो योजनाले नयाँ बुटवल अन्तरसीमा गोरखपुर प्रसारण लाइन निर्माणको लागि आवश्यक प्रमुख वित्तीय तथा प्राविधिक कार्ययोजना र सोको परिचालनका लागि आवश्यक सिद्धान्त समेटेको हुनुपर्ने भनिएको छ । त्यस्तै सम्झौताको धारा ७ मा प्रस्तुत सम्झौता लागू भएपश्चात् सम्झौता र नेपालको राष्ट्रिय कानून बाझिएमा प्रस्तुत सम्झौता लागू हुने भनिएको छ । तर, यसलाई अमेरिकाले भियना सन्धिको प्रावधान अनुसार उच्चस्तरीय राष्ट्रिय प्रतिबद्धता खोजेको बताएको छ । किनकि कुनै कानूनी अड्चनका कारण आयोजना प्रभावित भयो भने त्यति ठूलो अनुदान खेर जाने अमेरिकी भनाई छ । त्यसैले नेपालले छानेको आयोजनाका लागि ५० करोड डलर अनुदान पाँच बर्षमा सम्पन्न गर्ने गरी आउनु भनेको नेपालकै हितमा हो भनी अर्थ लगाईएको छ ।

कुनै पनि शक्तिराष्ट्रको नीतिलाई पूर्णरुपले अस्वीकार गर्न सकिँदैन । त्यसैले यो रणनीतिको आर्थिक सहयोग लिने र सैन्य गठबन्धनका पक्षलाई पूर्णरुपमा इन्कार गर्ने नीतिको रुपमा यसलाई स्विकार गर्न सक्ने हो भने यसले नेपाललाई फाइदा नै हुन्छ । किनकी जुनसुकै सम्झौता भए पनि हाम्रो राष्ट्रिय हित अनुकूलका विषयलाई मात्र हामीले स्वीकार गर्ने हो । तर नेपालमा एमसीसीको सन्दर्भमा उत्पन्न विवाद यस क्षेत्रमा अमेरिका र चीनबीचको बढ्दो द्वन्द्वको प्रतिबिम्बका रुपमा मुखरित हुनुहुँदैन ।

अर्कोतर्फ वर्तमान सरकार र प्रमुख प्रतिपक्ष दल समेत एमसीसीलाई सदनबाट पास गर्ने तयारीमा जुटिरहेका बेला एमसीसीमा भएका विवादित बिषयहरुलाई स्पष्ट रुपमा सर्वसाधारण समक्ष प्रस्तुत गरी आवश्यक भएमा संशोधनसहित उक्त सम्झौता कार्यान्वयनमा जाँदा देशलाई फाइदा नै पुग्ने निश्चित छ भने यो विषयमा ठूलो हंगामा चलाउनु उपयुक्त हुँदैन । तर, एमसीसीको कारण भविष्यमा मुलुक दुर्घटनामा पर्ने परिस्थिती छ भने यसलाई स्वीकार गरिनु हुँदैन । त्यसैले एमसीसी नेपालको हितमा रहेको र यसले नेपालको आर्थिक विकासमा सहयोग पुर्‍याउने हो भने यसलाई कार्यान्वयनमा लैजानु उचित होला । किनकि एमसीसी नेपालमा आर्थिक विकास गरी गरिबी कम गर्ने उद्देश्यले आउनु र विशुद्ध आर्थिक समृद्धिका लागि सहयोगका सम्बन्धमा मात्र केन्द्रित रहन सक्ने हो भने मुलुकको समृद्धिमा सहयोग पुर्‍याउन सक्छ । *इमेज*

*(पौडेल अधिवक्ता हुन् ।)*

## सामाजिक सञ्जाल




**बाबुराम भट्टराई**

देशमा व्याप्त भ्रष्टाचाररूपी क्यान्सरको एउटा अंश ललिता निवास प्रकरणमा अदुनिआको प्रयत्न स्वागतयोग्य छ । तर, प्रथम दृष्टिया यसमा कतिपय त्रुटि र अपूर्णता देखिन्छ । हाम्रा ऐन कानून र राज्य संयन्त्र परिणाममुखीभन्दा प्रक्रियामुखी बढी भएकाले यस्तो हुनसक्छ । मन्त्री दोषी, तर प्रधानमन्त्री निर्दोष देखिँदा ।




**हरिसरन खनाल**

साककंच्ची, कसैले कुस्त भ्रष्टाचार गरेर अकुत सम्पत्ति जोडेको अख्तियारले थाहा पाएपछि सबै रकम सरकारलाई फिर्ता गर्ने वाचा गरेको खण्डमा उसलाई मुद्दा लाग्दैन हो ? बालुवाटार जग्गा प्रकरणमा त फिर्ता गर्ने कबुल गर्नासाथ बिस्नु कणले त छुट पाएछन् त हो !! यसो जिज्ञासा नि !



**निर्मला ढकाल**

भ्रस्टाचारमा अरू दोषी हुनु भनेको बिष्णु पौडेल निर्दोश भन्ने बुझिनु भएन । मुद्दा चलाऊ, निर्दोश भए अदालतले सफाइ दिन्छ, मन्त्रिपरिषदले नै निर्दोश तोक्न मिल्दैन । संलग्नता देखिएपछि अनुसन्धान नभई मुद्दा दायर नगर्नु भन्नु न्यायपालिका माथि सिधै हस्तछेप होला क्यार । मेरो बुझाई ।



**सौबास**

यी, गच्छेदारलाई पहिलै नेकपामा प्रवेश गर भनेको त हो नी मानेनन् ! अहिले मुद्दा सुद्दा केही लाग्दैन थियो नी बिष्णु काउरेड जस्तो ।



**विपेन्द्र**

जब कोही विष्णु पौडेलको बचाउमा लागिराछ भने त्यस्तासँग बहस गरेर समय खेर किन फाल्ने ?



**सन्तोष सिग्देल**

जग्गा फिर्ता दिन्छु भन्ने सबैलाई मुद्दा नचलाउने भनेर समानता कायम गर्ने हो भने भोलि नै १७५ जना नै फिर्ता दिन आउलान... कि त्यसै गर्ने त ? होइन भने यो त उदाङ्गो नाटक भएन ?



**सोसीयल डेमोक्रेसी**

बालुवाटार प्रकरणमा,
कांग्रेसले- बिजय गच्छदार भन्दै सति नजाओस् । नेकपाले- सत्ताको आडमा यस प्रकरणका नाइकेहरूलाई नै उन्मुक्ति दिएको छ । भविष्यले महँगो मूल्य माग्ने छ।
नागरिक- न गच्छदार, न नेपाल, न पौडेल । स्वतन्त्र र निष्पक्ष छानबिन, दोषी उपर कारवाही, नाइकेद्वयलाई किन उन्मुक्ति ?



**रञ्जित तामाङ**

बालुवाटार जग्गाकाण्डमा बिष्णु पौडेलको छोरा मुछिएको हो । 'बिष्णु पौडेलको छोरालाई किन कारवाही भएन ?' भनेर कसैले प्रश्न गरेनन् । 'बिष्णु पौडेललाई कारवाही किन भएन ?' भन्ने मात्रै सुनियो । छोरा विवादमा मुछिँदा बाउलाई कारवाही गर्नुपर्छ भन्दै कुर्लने कस्तो रमाइलो रीसराग ?



**धनराज गुरुङ**

ललिता निवास काण्डः मन्त्रीपरिषद्मा प्रस्ताव लैजाने तत्कालीन मन्त्री भ्रष्टाचारी तर मन्त्रीले लगेको प्रस्ताव निर्णय गर्ने तत्कालीन प्रधामन्त्री सदाचारी ? क्याविनेट सिष्टममा प्रधानमन्त्रीले नचाहेमा मन्त्रीले प्रस्ताव लैजाँदैमा निर्णय हुन सक्दैन । यति साह्रै निर्वस्त्र किन अख्तियार ?

# झापामा कोरोना भाइरसबाट बच्न सचेतना

**बिर्तामोड, माघ २३।** चीनको हुवेई प्रदेशको बुहान सहरमा पहिलो पटक देखिएको चिनियाँ रहस्यमयी नोबेल कोरोना भाइरसको प्रकोप बढ्दै गएपछि झापामा कोरोना भाइरसको संक्रमणबाट बच्न सचेतनामूलक कार्यक्रम सञ्चालन गरिएको छ ।

सन् २०१९ को मध्य डिसेम्बरमा चीनको हुवेई प्रदेशको बुहान सहरमा देखिएको उक्त भाइरसको संक्रमण नेपाल, जापान, अमेरिकासहित अन्य २३ देशमा फैलिसकेपछि उक्त भाइरसको संक्रमणबाट बच्न झापाका विभिन्न संघ-संस्थाको सहभागितामा सचेतनामूलक कार्यक्रम सञ्चालन गरिएको हो ।




वीरता लेडी जेसीज, बिर्तामोड उद्योग वाणिज्य संघको आयोजना तथा नेवाः मिसा दवूको सहआयोजना तथा बिएण्डसी टिचिङ हस्पिटल र बिर्तासिटी हस्पिटलको प्राविधिक सहयोगमा सचेतनामूलक कार्यक्रम सञ्चालन गरिएको हो ।

वीरता लेडी जेसीज, बिर्तामोड उद्योग वाणिज्य संघ, नेवाः मिसा दवू, लायन्स क्लव अफ बिर्तामोड लेडी, नेवाः पासा मुना पुचः, श्रीकृष्ण प्रणामी युवा परिषद् जिल्ला समिति, प्रारम्भिक समिति बिर्तामोड, सुन्दर सामुदायिक प्रहरी सेवाकेन्द्र बिर्तामोड, समुदाय प्रहरी साझेदारी कार्यक्रमका पदाधिकारीहरु, मेची टेक्निकल ट्रेनिङ एकाडेमीका विद्यार्थी लगायतको सहभागितामा सचेतनामूलक र्‍याली निकालिएको थियो ।

बिर्तामोडको मुक्तिचोक दुर्गा मन्दिरबाट विभिन्न सचेतनामूलक पर्चा पम्प्लेट बोकेर निस्किएको र्‍यालीले बिर्तामोड नगर परिक्रमा गरी पुनः दुर्गा मन्दिरमा सभामा परिणत भएको थियो ।

वीरता लेडी जेसीजकी अध्यक्ष सुस्मा पौडेलको अध्यक्षता तथा बिर्तामोड नगरपालिकाका प्रमुख धुव्रकुमार शिवाकोटीको प्रमुख आतिथ्यमा भएको कार्यक्रममा बिर्तामोड उद्योग वाणिज्य संघका अध्यक्ष कुमार भट्टराईले स्वागत गरेका थिए ।

कार्यक्रममा बिएण्डसी टिचिङ हस्पिटल बिर्तामोडका फिजिसियन डा. लक्ष्मण ठाकुरले कोरोना भाइरसको संक्रमण भएपछि मानिसको मृत्यु हुने दर दुई प्रतिशत मात्र भएकाले त्यति आत्तिहाल्नुपर्ने अवस्था नरहेको बताउँदै कोरोना भाइरसबारे सचेत रहन र रुघा तथा ज्वरो आए चिकित्सक कहाँ गएर परामर्श लिन आग्रह गरेका थिए ।

त्यस्तै बिर्तासिटी हस्पिटलका डा. विजय केसीले छिमेकी मुलुक चीनमा महामारी कै रुपमा फैलिएको नोबल कोरोना भाइरसबाट बच्न सचेतता अपनाउन आग्रह गरे । उनले कोरोना भाइरसको संक्रमणबाट वच्ने उपायहरुका बारेमा समेत सहभागीहरुलाई जानकारी गराएका थिए ।

कार्यक्रममा बजरङ्ग मेडिकलको सहयोगमा सहभागीहरुलाई मास्क वितरण गरिएको थियो । कार्यक्रममा बिर्तामोड नगरपालिकाका वडा नं. ५ का वडाध्यक्ष राजेन्द्र लिङ्देन लगायतले कोरोना भाइरसको संक्रमणबाट बच्न सचेतनामूलक कार्यक्रम सञ्चालन गरेकोमा आयोजकलाई धन्यवाद दिएका थिए ।

वीरता लेडी जेसीजकी कार्यक्रम संयोजक अनिता पुरीले आस्था वाचन गरेको कार्यक्रमको सञ्चालन वीरता लेडी जेसीजकी महासचिव संगीता गिरीले गरेको कार्यक्रम संयोजक दिपा शिवाकोटीले जानकारी दिइन् ।

# प्रविधिलाई दैनिक जीवनसँग जोड्न आग्रह

**विराटनगर, माघ २३।** विज्ञान र प्रविधिका नव प्रवर्तनलाई दैनिक जीवनसँग जोड्नुपर्ने आवश्यकता विराटनगरमा औंल्याइएको छ ।

नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठान (नास्ट)द्वारा विराटनगरमा आयोजित नव प्रवर्तन सम्बन्धी परामर्श गोष्ठीका सहभागीले विज्ञान र प्रविधिको विकासले मात्र आर्थिक समृद्धि हासिल हुने बताएका थिए । विकाशील मुलुकले सूचना प्रविधिक, अन्तरिक्ष, कृषि, स्वास्थ्य, ऊर्जा, व्यवस्थापनलाई प्राथमिता दिनेमा सहभागीको जोड थियो । सहभागीले ज्ञान, बजार र सीपको विस्तार गरी विकास अनुसन्धानमा लगानी क्षेत्रको विस्तार गर्नुपर्नेमा जोड दिए ।

नेपाल अहिले विश्व नवप्रवर्द्धनमा १०९औं स्थानमा रहेको जनाइएको छ । प्रदेश नं. २ का आर्थिक मामिला तथा योजनामन्त्री विजयकुमार यादवले कृषिमा यान्त्रिकरणको प्रयोगबाट मुलुकुको समृद्धि कायमको सपना पूरा हुने बताए । त्यस्तै प्रदेश नं. १ का भूमि व्यवस्था, कृषि तथा सहकारी राज्यमन्त्री रामबहादुर मगरले नव प्रवर्तनको प्रयोग कृषि, पर्यटन उद्योगमा जोडी रोजगारी सिर्जना गर्नुपर्ने आवश्यकता औंल्याए ।

त्यस्तै प्रदेश योजना आयोगका उपाध्यक्ष सुबोधराज प्याकुरेलले नव प्रवर्तन सोचलाई क्षमता विस्तार गरी विश्व बजारको पहुँचसँगै आत्मनिर्भर हुनुपर्ने धारणा व्यक्त गरे । नास्टका सचिव डा. महेश अधिकारीले मुलुकका परम्परागत प्रविधिलाई नव प्रवर्तनरुपमा अगाडि बढाउन आवश्यक सहयोग प्रदान गर्ने जानकारी दिए ।

नास्टका डा. सुरेशकुमार ढुङ्गेलले राष्ट्रिय नवप्रवर्तन प्रणालीका ढाँचाको परिचय तथा नास्टको प्रयास, पुल्चोक क्याम्पसका मेकानिकल इञ्जिनियरिङ विभाग प्रमुख प्रा डा नवराज भट्टराईले राष्ट्रिय नवप्रवर्तन सूचकाङ्कको परिचय एवम् नास्टको प्रयास तथा नास्टका प्राज्ञ प्रा. डा. प्रमोदकुमार झाले नव प्रवर्तनको परिचय र अन्तर्राष्ट्रिय अभ्यास विषयमा कार्यपत्र प्रस्तुत गरेका थिए ।

पूर्वाञ्चल विश्वविद्यालयका निमित्त उपकुलपति डा. बिजुराज थपलिया, डा. भेषप्रसाद धमला तथा डा. नरेन्द्रकुमार चौधरीले नव प्रवर्तन कृषि, औद्योगिक क्षेत्रमा लागू गरेमा उपलब्धि हासिल हुने बताए ।

# अटो दुर्घटनामा मृत्यु

**मोरङ, माघ २३।** मोरङको बिराटनगर महानगरपालिका-१० को भित्री सडकखण्डमा भएको अटो दुर्घटनामा परी अटो चालकको मृत्यु भएको छ ।

उत्तरबाट दक्षिणतर्फ जाँदै गरेको को २ ह २११३ नम्बरको टेम्पो अरनिको कलेज छेउमा आफै अनियन्त्रित भई दुर्घटना हुँदा घाइते भएका चालक बिराटनगर महानगरपालिका-१७ का ४५ बर्षीय सलिम मियाको न्युरो अस्पताल विराटनगरमा उपचारको क्रममा मृत्यु भएको प्रहरीले जनाएको छ ।

सोही अटोमा सवार रहेका अन्य तीन जना घाइते भई सोही अस्पतालमा उपचार भइरहेको छ भने अटो जिल्ला ट्राफिक प्रहरी कार्यालय मोरङले नियन्त्रणमा लिएको प्रहरीले जनाएको छ ।

# विषादीरहित तरकारी खेतीमा कृषकको आकर्षण



**झापा, माघ २३।** झापा बिर्तामोड-७ का कृषक होमप्रसाद अधिकारीले विषादीरहित तरकारी खेती गरेर मनग्गे आम्दानी गरेका छन् ।

बजारमा पाइने विषादीयुक्त तरकारीबाट क्यान्सरजन्य रोग लाग्ने थाहा पाएपछि उनले विषादीरहित तरकारी खेती गरेका हुन् । विषादीरहित तरकारी विषादी हालिएको तरकारीको तुलनामा कम चम्किलो र आकर्षक देखिने उनले बताए ।

पाँचथरको सुभाङबाट झापा आएका अधिकारीले पाँच कट्ठामा गोलभेँडा, धनियाँ, रायो साग, कोभी, बन्दा लगायतका तरकारी खेती गरिरहेका छन् । उनले दैनिक १०० मुठा धनियाँ बिक्री गर्नेगरेको र रु. सात/आठ प्रतिमुठा धनियाँ बेच्ने गरेको बताए ।

त्यस्तै बिर्तामोड-७ का कृषक डिल्लीराम बाँस्कोटाले दुई वर्षदेखि विषादीरहित तरकारी खेती गरिरहेका छन् । उनको भनाइ पनि अधिकारको भन्दा भिन्न छैन । होमप्रसाद र डिल्लीराम जस्तै कृषक यज्ञप्रसाद अधिकारीले ११ कट्ठामा विषादीरहित तरकारी खेती गरेका छन् । तीन कट्ठामा आलु, एक कट्ठामा कोपी र एक कट्ठामा गोलभेँडा लगाएका हुन् । विषादीरहितखेती गर्दा गौरव र सुरक्षित महशुस भएको उनले बताए । विषादीको प्रयोगले कृषकलाई समेत असर पुग्छ । उत्पादन राम्रै भए पनि अन्य तरकारी कै मूल्यमा बेच्नुपर्ने बाध्यता छ ।

विषादीको विकल्पमा कृषकले गाईको गहुँत, मोही, विभिन्न किसिमका झारपातको झोलबाट जैविक विषादी बनाएर खेतीमा प्रयोग गर्ने गरेका छन् । मलको लागि गड्यौला र गाईबस्तुको मल प्रयोग गरिएको छ ।


विषादीरहित तरकारी खेती गरेका कृषकले आफ्नो उत्पादन बजार उचित मूल्यमा बेच्ने वातावरण सिर्जना गरिदिन माग गरेका छन् । उनीहरुले बिर्तामोडको कृषिथोक बजारमा विषादीरहित तरकारीको छुट्टै बिक्री कक्ष स्थापना माग गरे । बिर्तामोड नगरपालिकाले जसरी कृषकलाई उत्पादनमा प्रोत्साहन गरिरहेको छ, त्यसरी नै उचित मूल्यमा बेच्ने वातावरण बनाउन भूमिका खेल्नुपर्ने कृषकहरु बताउँछन् ।

बिर्तामोड नगरपालिकाले 'मेयर विषादीरहित कार्यक्रम' अन्तर्गत यहाँका ४० कृषकलाई गत आर्थिक वर्षमा विषादीरहित तरकारी खेतीका लागि आवश्यक सहयोग गरेको थियो । नगरपालिकाले रु. १७ लाख अनुदान दिएको कृषि शाखा अधिकृत राजेन्द्र कडरियाले जानकारी दिए ।

सिँचाइका लागि मोटर, गड्यौला मल उत्पादन, साना टनेल बनाउन आवश्यक सामग्री, ड्रम लगायतका सामान प्रोत्साहन स्वरुप दिइएको छ । चालू आवमा सोही अनुपातमा अन्य कृषकलाई सहयोग गरिनेछ ।

नगरपालिकाका प्रशासन प्रमुख देवराज कार्कीले बिर्तामोडस्थित कृषिथोक बजारलाई नगरको मातहतमा ल्याउने प्रयास भइरहेको बताए । उनले नगरको स्वामित्वमा आउने बित्तिकै उक्त बजारलाई व्यवस्थित गर्दै विषादीरहित तरकारीलाई छुट्टै कक्ष बनाइने र कृषकको उत्पादनको उचित मूल्य र बिक्री स्थलको प्रबन्ध मिलाउन यथाशीघ्र पहल गरिने जानकारी दिए ।


**उज्यालो यातायात प्रा.लि.**




बिर्तामोड, फिदिम, ताप्लेजुङ, हेटौडा, नारायणघाट, काठमाडौं, कोहलपुर, धनगढी, नेपालगञ्ज, महेन्द्रनगर, सुर्खेत, बाग्लुङ, भैरवा, पोखरा, बुटवल, लुम्बिनी, नेपालको जुनसुकै ठाउँ जानको लागि सम्झनुहोस् ।

**अर्जुनधारा यातायात प्रा. लि.द्वारा सञ्चालित**
**झापाको बिर्तामोडदेखि पाँचथरको रविसम्मको दैनिक आरामदायी यात्राको लागि हामीलाई सम्झनुहोस् ।**

दानावारी, महमाई, लारुम्बा, रविसम्म गाडी छुट्ने समयः
बिहान : ७:३० , ८ :३० , ९ :१५ , १० :१५ , ११ :१५ , १२ :१५ ,
बेलुका : ०२:१५ दानाबारीसम्म । ०२:४५ सानो वर्दुसम्म ।
बिर्तामोडबाट रविसम्म जाने गाडी नम्बरहरु :
मे१ज ५६४, मे१ज १७९९, मे१ज ५४६, मे१ज ६२५, मे१ज ३०७, मे१ज ४१७
काउण्टर इन्चार्ज सम्पर्क नम्बरहरु :
बिर्तामोडबाट दानावारी : ९८४२६२३१५२ सीताराम आचार्य (काका)
बिर्तामोडबाट रवि : ९८१५९९०९४४ वीरेन्द्र राई

**हाड जोर्नी नसाका बिरामीलाई सुवर्ण अवसर**
**काठमाडौंका बिशेषज्ञ बिर्तामोडमा**


अमेरिकामा समेत ख्याती कमाई सक्नु भएका स्पार्क अस्पताल काठमाडौं तथा काठमाडौं न्यूरो अस्पतालका बरिष्ठ डाक्टर सुनिलकुमार पौडेल यही माघ २४ गते शुक्रबार स्पार्क पूर्वाञ्चल अस्पताल बिर्तामोडमा आउदै हुनुहुन्छ । आफ्नो समस्या जाच गराई मौकाको फाइदा लिनुहोस् ।
जाँच हुने समस्याहरु :
- ढाड, कम्मर, गर्दन, घुडा, जोर्नीहरु दुख्ने, नसा च्यापिएको, हड्डी खिइएको
- बाथ रोग, युरिक एसिड बढेको
- शरीर झम्झमाउने, लाटो हुने, कुम जाम भएको
- प्यारालाइसिस, मुख बाङ्गिएको

समय : बिहान ८:०० देखि ३:००
**स्पार्क पूर्वाञ्चल अस्पताल,** कनकाई रोड
नेपाल टेलिकम पूर्व बिर्तामोड, झापा (फोन : ०२३-५४०१२३, ९८५२६७५०३३)

**पाथीभरा सिने प्लाजा बिर्तामोडमा चलिरहेछ**

(हल ए) नेपाली सिनेमा
पहिलो शो ११:४५
साङ्लो
दोस्रो शो २:४५
साङ्लो
तेस्रो शो ६:३०
सेल्फी किङ्ग

(हल बी) नेपाली र हिन्दी सिनेमा
पहिलो शो ११:४५
सेल्फी किङ्ग
दोस्रो शो २:४५
सेल्फी किङ्ग
तेस्रो शो ६:३०
Malang



बुकिङ्ग गरेको टिकट एक घण्टापछि स्वतः क्यान्सिल हुनेछ ।
(फोन नं. ०२३-५४६४३६)

**सटर बुकिङ खुल्ला**

भद्रपुर मेची पुल भन्सार कार्यालयसँगै व्यवसायिक प्रयोजनका लागि निर्माण हुन गइरहेको १०X१२ देखि ११X२५ सम्मका सटरहरुको बुकिङ खुल्ला गरिएको छ । बुकिङ गर्न चाहनु हुने महानुभावले तु-सम्पर्क गर्नुहोला ।

सम्पर्कः **सोनी कम्प्लेक्स** (खान मोटरसाइकल सेन्टर)
९८१७९०१५८६, ९८०४९५८०९५, ९८०७९५१२३४

**प्यारालाइसिसका बिरामीलाई खुशीको खबर**

दक्ष एवम् अनुभवी डाक्टरहरुद्वारा दैनिक चेकजाँच तथा उपचार
उपचार हुने समस्याहरु
- प्यारालाइसिस, शरीरको एक वा दुबै भाग नचल्ने, मुख बाङ्गिएको
- हाडजोर्नी तथा नशा रोग, कम्मर र गर्दन दुख्ने, नशा च्यापिएको, PIVD,शरीर झमझमाउने,
- घुडाजोर्नी दुख्ने,कुम जाम भएको, बाथ, युरिक एसिड
- पाइल्स, फिसर, फिस्टुला, ग्यास्ट्रीक, कब्जियत, दम, सुगर, प्रेसर, खोकी, पिनास
- थाइराइड, कोलेस्ट्रोल, मृगौलाको पत्थरी, छातीको दाग, माइग्रेन
- टाउको दुख्ने, प्रोस्टेट, डण्डीफोर, महिला तथा पुरुषका गुप्तरोग, दाद, एलर्जी आदि ।

**बिर्ता आयुर्वेद एण्ड फिजियोथेरापी सेन्टर**
(अष्टाङ्ग आयुर्वेद फार्मेसी) अदुवा खोला पुल पश्चिम हाइवेसँगै, बिर्तामोड-४, झापा
फोन न ०२३-५४१४६६/९८०६०००३१३

## वर्गीकृत विज्ञापन

**सेफ्टी ट्याङ्की तथा ढल सफाई**

अत्याधुनिक ट्र्वो (Trabo) प्रविधि सिस्टमको ठूलो ट्याकीबाट सस्तोमा दुगन्र्धरहित हजुरहरुको सेफ्टी ट्यांकी सरसफाई गर्नु परेमा हामीलाई सम्झनुहोस् ।
'चट्ट फोट झट्ट सेवा'



सम्पर्कः ०२३-५५०६२०
९८४२६५५७००, ९८०४९३८१००,
९८०७९३०७४०, ९८१७९२९३९४

**साझा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई**

झापामै पहिलोपटक भ्याकुम सिष्टमको ठूलो र सस्तो ढल तथा सेफ्टी ट्याङ्की सरसफाईको लागि हामीलाई सम्झनुहोस् ।




सम्पर्कः ९८२४९८११७४, ९८४४६४७०६७
९८०६०८३८७६, ९८६२६४८२८२

**जग्गा बिक्रीमा**

बिर्तामोड बसपार्कबाट १ कि.मी. उत्तर ३२ फुटे बाटोबाट २ भीटाभित्र २० फुटे बाटोले छोएको नयाँ प्लटिङको छेउमा रहेको साढे ३ कठ्ठा आकर्षण जग्गा बिक्रीमा छ ।
सम्पर्क : ९८१८१७१९१२

**जग्गा बिक्रीमा**

चारआलीस्थित इलामरोडमा रहेको पेट्रोलपम्प नजिकै ८ धुर जग्गा तु-बिक्रीमा छ ।
मो. ९८२४०८३२६३

**टाटा सुमो गाडी भाडामा चाहिएमा**

बितामोडदेखि पशुपतिनगर र पशुपतिनगरबाट बिर्तामोड दैनिक यात्रा साथै रिजर्भका लागि १० सिट भएको टाटा सुमो गाडी चाहिएमा सम्पर्क गर्नुहोला ।
मो.९८१५९५२४९९, ९८४१३२१४६४

**कर्मचारी आवश्यकता**

पद : बजार प्रतिनिधि
तलब : १३,५००/- +कमिशन
संख्या : १० जना
**सम्पन्न बचत तथा ऋण सहकारी संस्था लि.**
अतिथि सदनको दक्षिणपट्टी
(मो.९८२४९२५१०५)

**ट्याक्टर बिक्रीमा**

चालू अवस्थामा रहेको मे १ त ५०१६ नं. को टयाक्टर बिक्रीमा छ । इच्छुक महानुभावले तुरुन्त सम्पर्क राख्नुहोला ।
सम्पर्क : ९८१३४९७२१२

**फेन्सी पसल बिक्रीमा**

बिर्तामोडस्थित कृषिथोकरोडमा रहेको फेन्सी पसल वा दुई मुख ४४८ स्क्वायर फिट भएको २ मुखे सटर मात्र पनि तु-बिक्रीमाछ ।
सम्पर्कः
९८०८१६६०७०,
९८१७९५७५८१

**आकर्षक जग्गा बिक्रीमा**

झापा सुरुङ्गास्थित जामुनखाडी जाने कालोपत्रे बाटोले छोएको ७ कठ्ठा आकर्षक जग्गा बिक्रीमा छ ।
सम्पर्क :
९८२४०४२२७१, ९८१६९९८६७७

**आवश्यकता**

सेक्युरिटी गार्डः- ४० जना (महिला/पुरुष)
*यहाँ निःशुल्क सेक्युरिटी ट्रेनिङ गराइन्छ ।*
**सेभेन स्टार सेक्यरिटी सर्भिस प्रा.लि.** बिर्तामोड भद्रपुररोड
फोनः ०२३-५४३००३/५४६६१४, ९८०१४१६८४०, ९८०१४१६८४१, ९८५२६७३९५५

**कर्मचारी आवश्यकता**

सेल्स+मार्केटिङः १५ जना
*तलब : १५०००/- +कमिशन*
कुक : ७ जना *(बिर्तामोड, इलाम, काँकरभिट्टा)*
वेटर : ११ जना *(बिर्तामोड, इलाम, फिक्कल)*
हाउसकिपिङ : ६ जना *(बिर्तामोड, इलाम)*
क्लिनरः ८ जना *(बिर्तामोड, इलाम, काँकरभिट्टा)*
घरमा काम गर्ने : ५ जना महिला
*(बिर्तामोडको लागि)*

**नेपाल जब्स केयर सर्भिस प्रा.लि.**
बिर्तामोड : ०२३-५४६६८३/९८२६९२०००१
इलामः ०२७-५२०१४०/९८२६९२०००२


**हिजोको सूनचाँदीको भाउ**

छापावाला सुन : ७५,७००/-
तेजावी सुन : ७५,४००/-
असल चाँदी : ८९०/-



ज्यो. मधुसूदन रिजाल (स्वर्णपदक विजेता)
वैदिक ज्योतिष परामर्श केन्द्र
शनिश्चरे रोड, बिर्तामोड (९८४२०५७४९९)

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) -** आँटेको काममा अरूको मुख ताक्नाले पछि परिनेछ । श्रमको उचित मूल्यांकन हुनेछ ।

**बृष (इ, उ, ए, ओ, बा, बि, बु, बे, बो) -** आफ्नो प्रतिफल अरूलाई सुम्पनुपर्ने परिस्थिति आउन सक्छ । आत्मविश्वासको कमीले पछि परिएला । काममा बलजफ्ती गर्दा पनि समस्यामा परिनेछ ।

**मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह) -** इर्ष्या गर्नेबाट जोगिनुहोला । शुभचिन्तकको भावनालाई विचार गरेर काम शुरु गर्दा फाइदा हुनेछ ।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो) -** खर्च हुने डरले सताउन सक्छ । वादविवादले व्यर्थैमा मान हानी गराउनेछ । आजको श्रमबाट पछिलाई लाभ हुनेछ ।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे) -** गोपनीयतामा विशेष ध्यान पुर्‍याउनुहोला । आम्दानी रोकिनाले योजना स्थगन गर्नुपर्ला । मेहनतको फाइदा अरूले उठाउने चेष्टा गर्न सक्छन् ।

**कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो) -** सजग रहनुहोला । पछिका लागि गरिएको लगानीले भने फाइदा दिनेछ । अरूका काममा श्रम तथा बुद्धि खर्चनुपर्ला ।

**तुला (र, रि, रु, रे, रो, ता, ति, तु, ते) -** नयाँ कामको प्रस्ताव आउनेछ भने साथ दिनेहरू बढ्नेछन् । प्रतिष्ठित काम गर्दै नाम, दाम र इनाम कमाउने बेला छ ।

**बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु) -** रचनात्मक काम प्रारम्भ हुनेछ । सहयोगीहरूले राम्रो साथ दिनेछन् भने पहिलेको सफलताले पनि थप काम गर्न हौसला प्रदान गर्नेछ ।

**धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे) -** बिछोडिएका परिवारजनसँग भेटघाट हुनेछ । रमाइलो जमघटका बीच स्वादिष्ट भोजनको आनन्द प्राप्त होला ।

**मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि) -** बचन पुर्‍याउन नसक्दा आफ्ना कमजोरी माथि टिप्पणी हुन सक्छ । जिम्मेवारी भने बढिरहनेछन् । आफ्ना काम स्थगित हुनाले मन खिन्न हुनेछ ।

**कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द) -** प्रयत्न गर्दा स्थितिमा सुधार आउनेछ । शुभचिन्तकहरूको मनोभाव विचार गरेर अघि बढ्नुहोला, मौकामा राम्रो सहयोग जुट्न सक्छ ।

**मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि) -** सेवामूलक कामले आशा जगाउनेछ । गुमेको स्थान प्राप्त हुनुका साथै समाजमा आफ्नो वर्चस्व बढ्नेछ ।

कोरोना भाइरस

## ५६३ जनाको मृत्यु, २८००० व्यक्ति संक्रमित



**झापा, माघ २३।** चीनमा हजारौं व्यक्ति कोरोना भाइरसबाट संक्रमित भएपछि अस्पतालमा विरामी राख्ने बेडको अभाव देखिएको बताइएको छ।

यस भाइरसबाट बिहीबारसम्म पाँच सय ६३ जनाको मृत्यु भइसकेको छ। त्यसैगरी बिहीबार प्राप्त समाचार अनुसार यस भाइरसबाट चीनभर २८ हजार व्यक्ति संक्रमित भएका छन्।

गत वर्षको अन्त्यमा जनावरहरु बेच्ने बजारबाट उत्पत्ति भएको भनिएको कोरोना भाइरस चीनको करिब २४ वटा प्रान्तमा फैलिएको पुष्टि भएको छ। बिहीबार एशियाली समुद्रको यात्रामा रहेका दुईवटा पानीजहाजमा हजारौं व्यक्ति घण्टौंसम्म फसेका थिए। जसमध्ये २० जनालाई कोरोना भाइरसको संक्रमण देखिएको बताइएको छ।

यस भाइरसको महामारीको केन्द्रको रुपमा रहेको हुबेई प्रान्तको बुहानले एक हजार छ सय शैय्याको अस्पताल निर्माण गरेको छ। यसअघि यसै हप्ताको शुरुमा नै एक हजार शैय्या भएको अस्पताल बनाइसकेको छ।

विश्व स्वास्थ्य संगठनले चीनको हुबेईमा शीघ्र संक्रमण भइरहेको भए पनि चीनकै अन्य राज्यमा यसको फैलावट छिटपुट रहेको बताएको थियो। चीनका अधिकारीले संक्रमण नियन्त्रणका लागि प्रभावकारी उपाय अवलम्बन गरेका र अन्य प्रभावित मुलुकले पनि भाइरस संक्रमणलाई नियन्त्रण बाहिर जान नदिन यथेष्ट सावधानी अपनाएको पाइएको पनि उक्त सङ्गठनले जनाएको छ।

चीनको हुबेईका साथै अन्य भागमा अपनाइएका उपाय र विश्वका अन्य मुलुकले नियन्त्रणका लागि देखाएका गम्भीर सावधानीका कारण छिट्टै संक्रमण रोक्न सफलता मिल्ने अन्तर्राष्ट्रिय समुदायले विश्वास व्यक्त गर्दै आएको छ।

# झापामा १२% को रगतमा हात्तीपाइलेको किटाणु, बुद्धशान्ति जोखिममा

□ आत्माराम राजवंशी/दिपेन लावती

**झापा, माघ २३।** झापामा कूल जनसंख्याको १२ प्रतिशत व्यक्तिलाई हात्तीपाइले रोगको लक्षण फेला परेको एक तथ्यांकले देखाएको छ।

स्वास्थ्य मन्त्रालय अन्तर्गत इपिडिमियोलोजी तथा रोग नियन्त्रण विभागले २०७५ सालमा झापामा गरेको सर्वेक्षणमा उक्त तथ्यांक फेला परेको हो। कूल जनसंख्याको १२ प्रतिशत व्यक्तिको रगत परीक्षण गर्दा रगतमा हात्तीपाइले रोगको किटाणु फेला परेको हो। विभागले एक सय जनामा १२ जना व्यक्तिको रगतमा हात्तीपाइले रोगको किटाणु भेटिएको जनाएको छ। यो रोग लागेको व्यक्तिको प्रतिशत शून्यमा झार्न सरकारले लाखौ रूपैयाँ खर्चिरहेको भए पनि नियन्त्रणमा आउन भने सकेको छैन।

राष्ट्रिय हात्तिपाइले रोग निवारण अभियान अन्तर्गत माघ २५ गतेदेखि १३ वटा जिल्लामा हात्तीपाइले रोगविरूद्ध औषधि वितरण अभियान कार्यक्रम विधिवतरूपमा शुरू गर्दैछ। झापामा भने हात्तीपाइले रोगविरूद्धको अभियान नवौं पटक हो। यसैक्रममा झापाको गौरीगञ्जमा औषधि सेवन सचेतना गोष्ठी सम्पन्न भएको छ। औषधि वितरण कार्यक्रम यही माघ २५ गतेवाट विधिवतरुपमा उद्घाटन शुरू गर्नु पूर्व गौरीगञ्जको वार्ड नं. ३ र ६ मा वडास्तरीय गोष्ठी सम्पन्न भएको हो।

गौरीगञ्ज गाउँपालिका वार्ड नं. ३ का अध्यक्ष मखना महतोको अध्यक्षतामा भएको कार्यक्रममा गौरीगञ्ज स्वास्थ्य शाखाका संयोजक रामचन्द्र मिश्रले सहजीकरण गरेका थिए। कार्यक्रमका सहजकर्ता मिश्रले हातेपाइले रोगको किटाणु भएको व्यक्तिले औषधि खाएपछि टाउको दुख्ने, रिङ्गाटा लाग्ने, पुरूषको अण्डकोष सुनिने, महिलाको स्तन सुनिने जस्ता असर देखा पर्ने बताएका थिए। सुत्केरी, गर्भवती महिला, २ वर्षमुनिका बालबालिका, ७० वर्ष माथिका व्यक्ति र दिर्घरोगीलाई यो औषधि खुवाउन नहुने स्वास्थ्य संयोजक मिश्रले जानकारी गराएका थिए। तीन पटकसम्म औषधि सेवन गरे यो रोगबाट सुरक्षित हुने उनले बताए।

सन् २००३ देखि पर्सा जिल्लादेखि हात्तीपाइले रोगविरूद्ध अभियान शुरू भएको हो। झापामा नवौं पटक औषधि खुवाइँदैछ। यो अभियान सफल बनाउन सरकारले गौरीगञ्ज गाउँपालिकामा पाँच लाख ३३ हजार रूपैयाँ बजेट विनियोजन गरेको छ। सबैभन्दा पुरानो रोग कुष्ठरोग सँगै हात्तीपाइले रोग देखापरेको हो। नेपालभरिमा १३ वटा जिल्लामा हात्तीपाइले रोगविरूद्धको अभियान शुरू भएको छ। काम गर्ने उमेरका व्यक्तिहरूमा यो रोग लाग्ने भएकोले यसबारे व्यापकरूपमा प्रचार-प्रसार गर्नुपर्ने वार्ड नं. ३ का वडाध्यक्ष मखना महतोले बताए। वडाध्यक्ष महतोले लामखुट्टेले दिउँसो र राति जुनसुकै समयमा टोक्न सक्ने भएकोले यसबाट बच्न सबैले औषधि सेवन गर्न आह्वान गरेका थिए।

त्यसैगरी वार्ड नं. ६ मा पनि वडाध्यक्ष बद्रीनारायण यादवको अध्यक्षामा वडास्तरीय आम औषधि सेवन अभियानको सचेतना कार्यक्रम सम्पन्न भएको थियो। वडा नं. ६ का वडाध्यक्ष बद्रीनारायण यादवले कसैको पनि होहल्लामा नलागी औषधि सेवन गर्न सर्वसाधाराण सबैसँग आग्रह गर्दै अभियान सफल पार्न स्वास्थ्यकर्मीहरुले सबैको घर-घरमा गएर औषधि खुवाउने योजना रहेको बताए।

स्वास्थ्य विभाग अन्तर्गत महामारी तथा रोग नियन्त्रण विभागले गत वर्ष गरेको सर्वेक्षणमा झापामा १२ प्रतिशत व्यक्तिमा हात्तीपाइले रोगको लक्षण पत्ता लागेको जनाएको छ। कार्यक्रममा प्रदेश नं. १ मा झापा, मोरङ्ग र धनकुटा जिल्लामा माघ २५ गतेदेखि हातेपाइले रोगविरूद्ध औषधि वितरण गरिने जानकारी दिइयो। लामखुट्टेबाट रोग सर्ने भएकोले यसबाट बच्न औषधि सेवन गर्ने र झुलभित्र बस्ने उत्तम उपाय रहेको समेत सहजकर्ताले सहभागीलाई जानकारी गराएका थिए।

कार्यक्रममा वार्ड नं. ३ का वडा सदस्य हेमा आचार्य, सरिता सेर्पा, वार्ड नं. ६ का कार्यपालिका सदस्य राधा अधिकारी, वडा सदस्य उदिम राई, रमकुमारी विक, गौरीगञ्ज स्वास्थ्य चौकीका संयोजक बेदनिधि निरौला, गौरीगंज खजुरगाछी स्वास्थ्य केन्द्रका अनुप शर्मा, गौरीगञ्ज माविका प्रधानाध्यापक गोविन्द घिमिरे, देवकोटा माविका संस्थापक केदार रिमाल, खजुरगाछी माविका प्रधानाध्यापक गहेन्द्रविक्रम साह, मुनलाइट एकाडेमीका प्रधानाध्यापक विजय सिंह, वडा सचिव सुगम रेग्मी, अजय साह लगायतको सहभागिता थियो। झापाका १५ वटै स्थानीय तहबाट आठ लाख २६ सय पाँच जना मानिसलाई यस बर्ष हात्तीपाइले रोग निवारण अभियान अन्तर्गत औषधि सेवन गराइने लक्ष्य स्वास्थ्य कार्यालयको रहेको जानकारी गराइएको थियो।

अभियान सञ्चालनका लागि स्वास्थ्य कार्यालयबाट छ सय ३१ जना महिला स्वास्थ्य स्वयम्सेवीका र चार सय १६ जना स्वास्थ्यकर्मी खटाइएको छ। जिल्लाका सबै स्थानीय तहहरुमा औषधि पुर्याइ सकिएको बताइएको छ। हात्तीपाइले एक प्रकारको डरलाग्दो संक्रमित सरुवा रोग भएकोले २ बर्षमुनीका बालबालिका, दीर्घरोगी, सुत्केरी बाहेकका सबैले अनिवार्य औषधि सेवन गर्नु पर्ने स्वास्थ्य कार्यालय झापाले जनाएको छ। झापामा विगतको तथ्याङ्ग अनुसार हात्तीपाइले रोगका संक्रमित हाईड्रोसिलका तीन सय ७२ जना, खुट्टा सुन्निएका ७२ जना, स्तन सुन्निएका एक सय १० सहित जम्मा पाँच सय ५४ जना संक्रमितहरु रहेका छन्।

त्यस्तै झापाको बुद्धशान्ति गाउँपालिका हात्तीपाइले रोगको उच्च जोखिममा रहेको छ। हात्तीपाइले (फाइलेरिया) नामक लामखुट्टेको टोकाइबाट एक व्यक्तिबाट अर्को व्यक्तिमा सर्ने गर्दछ। पछिल्लो बर्ष दमक, अर्जुनधारा नगरपालिका र झापा गाउँपालिकामा गरिएको सर्वेक्षणमा हात्तीपाइले रोगी भेटिएको थियो। अर्जुनधारामा रोगी भेटिएकाले बुद्धशान्ति गाउँपालिकामा सर्ने जोखिम उच्च रहेकाले सतर्कता अपनाइएको स्वास्थ्य शाखाले जनाएको छ।

गाउँपालिकामा हाल एकजना मात्र हात्तीपाइले संक्रमित रोगी भेटिएको तर जोखिम भने उत्तिकै रहेको स्वास्थ्य शाखाका प्रमुख भोला अधिकारीले बताए। उनका अनुसार यस बर्ष गाउँपालिकामा ४१ हजार दुई सय ५० जनालाई हात्तीपाइले रोगविरुद्धको औषधि र जुकाको औषधि खुवाउने कार्यक्रम छ। माघ २५ गतेबाट २९ गतेसम्म सो कार्यक्रम सञ्चालन गर्ने तयारी गरिएको छ भने माघ २५ गते गाउँपालिकाको २५ वटा केन्द्रमा स्वास्थ्यकर्मीले औषधि खुवाउने छन् भने २६, २७, २८ र २९ गते प्रत्येकको घर-घरमा पुगेर स्वास्थ्यकर्मी र स्वास्थ्य स्वयम्सेविकाले औषधि खुवाउने कार्यक्रम छ।



यस बर्ष गाउँपालिकामा २५ जना स्वास्थ्य स्वयम्सेविका र ३३ जना स्वास्थ्यकर्मीसहित ५८ जनालाई खटाइएको बताइएको छ। विभिन्न कारण देखाउँदै हात्तीपाइले रोगविरुद्धको औषधि नखाने गरेको, तर जनचेतना र अभिमुखीकरण कार्यक्रमवाट औषधि सेवन गर्नेको संख्या बढेको स्वास्थ्य शाखाले जनाएको छ। गत बर्ष बुद्धशान्ति गाउँपालिकामा ८३ प्रतिशतले औषधि सेवन गरेकाले यस बर्ष ९० प्रतिशत पुर्याउने लक्ष्य छ। गाउँपालिकाको सात वटै वडामा स्थानीय जनप्रतिनिधि, आमा समूह, विद्यालयका शिक्षक, सामाजिक व्यक्तित्व, बुद्धिजीवि लगायतको सहभागितामा अभिमुखीकरण गोष्ठी सम्पन्न भएको छ।

हात्तीपाइले रोग निवारण कार्यक्रमको यो नवौं चरण हो। हात्तीपाइले रोग निवारणको लागि प्रत्येक बर्ष कार्यक्रम सञ्चालन गरिए पनि राम्रो परिणाम आएको छैन। हात्तीपाइले रोगविरुद्धको औषधि गर्भवति महिला, सात दिनभित्रका सुत्केरी महिला, २ बर्षमुनीका बालबालिका र ७० बर्ष माथिका ज्येष्ठ नागरिकले सेवन गर्न नहुने स्वास्थ्यकर्मीहरुले बताएका छन्। यस बर्ष बुद्धशान्ति गाउँपालिकामा एक लाख १० हजार छ सय ७० वटा डिइसी ट्यावलेट र ४१ हजार दुई सय ५० ट्यावलेट (अबलेन्डाजोल) जुकाको औषधि खुवाइने बताइएको छ। वडास्तरीय अभिमुखीकरण गोष्ठीको सहजीकरण गाउँपालिका स्वास्थ्य शाखाका प्रतिनिधि र शान्तिनगर स्वास्थ्य चौकीका प्रमुख भरत खतिवडाले गरेका थिए।

# 'रोग निको पार्न औषधिसँगै परामर्श पनि उत्तिकै आवश्यक छ'



**डा. खुश्बु अग्रवाल:** स्त्री तथा प्रसूति रोग विषेशज्ञ
**सञ्जीवनी अस्पताल,** बिर्तामोड

पछिल्लो समय सिजरियन सेक्सन (शल्यक्रिया गरेर बच्चा जन्मउने)क्रम ह्वात्तै बढेको छ। शहरी क्षेत्रमा मात्रै नभएर ग्रामीण क्षेत्रमा समेत यसको प्रभाव देखिएको छ। गर्भवती महिलाको आवश्यकता, अस्पतालको दवाव, डाक्टरहरुको सुविधा वा तन्नेरीहरुको चाहना जुनसुकै बहानामा पनि अस्पतालमा प्रसूतिका लागि पुगेका गर्भवती महिलाहरुले प्रायः शल्यक्रियापछि मात्रै बच्चा जन्माउने गरेका छन्।

अस्पतालमा नर्मल डेलिभरी (प्राकृतिक जन्म) गर्नेको संख्या अहिले ज्याँदै न्यून छ। प्राकृतिक रुपमा बच्चा जन्माउन सक्ने अवस्थाका कतिपय महिलाहरुले डाक्टरलाई शल्यक्रिया गरेर बच्चा जन्माउन आग्रह गर्ने गरेका छन्। कतिपय गर्भवती महिलाहरुले आफ्नो 'स्वास्थ्य बिग्रने' समस्या देखाएर शल्यक्रियाको चाहना राख्ने गरेका छन्। कतिपय डाक्टरले गर्भवती महिलाको आग्रहलाई सहर्ष स्वीकार गरे पनि कतिपय डाक्टरहरुले जतिसक्दो नर्मल डेलिभरी गराउने प्रयत्न गरेका छन्।

अधिकांश स्त्री तथा प्रसूति रोग विशेषज्ञले सहजताका लागि जोखिम मोलेर नर्मल प्रसूति गराउँदैनन्। तर, बिर्तामोडस्थित सञ्जिवनी अस्पतालमा कार्यरत स्त्री तथा प्रसूति रोग विशेषज्ञ डा. खुश्बु अग्रवाल भने अधिकांश महिलालाई नर्मल डेलिभरी गराउन सल्लाह दिँदै आएकी छिन्।

सरकारी जागिरे र डाक्टर पेशामा ज्यादै न्यून संख्यामा मात्र मारवाडी समुदायको सहभागिता छ। त्यसमा पनि महिला डाक्टरको संख्या त झापामा गन्न सकिने अवस्थामा छ। यही समुदायकी डा. खुश्बु एक प्रतिनिधि मात्र हुन्। भारतको चण्डीगढस्थित पोष्ट ग्राज्युएट इन्स्टिच्युट अफ मेडिकल एण्ड रिसर्ज सेन्टरबाट मेडिकल साइन्समा स्नाकोत्तर (पोष्ट ग्राज्युएट) गरेकी डा. खुश्बु अहिले मारवाडी समुदायका लागि मात्र होइन झापासहित पूर्वमै लोकप्रिय महिल[redacted]मा चिनिएकी छिन्। विशेषगरी महिल[redacted]ोक्लोजिष्ट)मा उनको नाम अग्रपंक्तिम[redacted]।

वीरगञ्जको [redacted]र नारायणी बयोधा अस्पतालमा क[redacted]लोकप्रियता कमाएकी डा. खुश्बु अहि[redacted]स्वास्थ्य परीक्षण गर्न आउँदा खानपान[redacted]शेष ध्यान दिन आग्रह गर्ने गरेकी छि[redacted]महिलालाई फलफूल पोषणयुक्त खाने[redacted]न्ने सिकाउँदै आएका कारण उनी गर्भ[redacted]त झन् प्रिय छिन्।

खानपान र [redacted]एका कारण समयमा गर्भ नबस्ने, ग[redacted]समस्याले अहिले धेरै कपल(जोडी) पि[redacted]खुश्बुले भनिन्- 'एक त ढिला विवाह गर्ने अनि समयमा बच्चा नजन्मने समस्या छ अहिले। त्यस्तो अवस्थामा महिलाले नै परिवार र समाजको प्रेसर धान्नुपर्ने हुन्छ। गर्भ अवस्थामा महिलाको हेरचाह अरु समयभन्दा धेरै गर्नुपर्ने हुन्छ। तर, अहिले पनि ग्रामीण समुदायमा महिलाले गर्भ अवस्थामा धेरै काम गरेकै कारण बच्चा खेर गइरहेको हुन्छ। खानपानमा ध्यान नदिँदा बच्चाको विकास जुनरुपमा हुनुपर्ने हो त्यो भएको हुँदैन। यस्तो अवस्थामा सबैभन्दा पहिला गर्भवती महिलालाई बुझाउन जरुरी छ।'

डा. खुश्बु भन्छिन्- 'उनीहरुले सही कुरा बुझे भने मात्रै गाउँ समाजका अरु महिलालाई बुझाउन सक्छन् र धेरै आमा र बच्चाको स्वास्थ्य अवस्था ठिक हुँदै समाज सचेत बन्छ। बिग्रँदो जीवनशैलीका कारण पनि अहिले गर्भवती महिलाको शल्यक्रिया गर्नुपर्छ। कसैले 'करिअर'को कारणले उमेर गएपछि बच्चाको प्लान गर्छन्। कतिपय अवस्थामा लामो समय बच्चा नभएर औषधि गरेर बच्चा जन्माउनुपर्ने हुन्छ। यस्तो अवस्थामा पनि अप्रेसन गर्नुपर्छ। जस्तो मधुमेह, उच्च रक्तचाप, ढिला विवाह, महिनावारी बिग्रने समस्या, पोषण कम हुँदा, फास्टफुड खाने प्रचलनले पनि बच्चा नहुने वा बच्चा भए पनि अपरेशन गर्नुपर्ने अवस्था आउँछ। स्वस्थ खाना खायो र जीवनशैली परिवर्तन गर्ने हो भने अपरेशन गर्नुपर्ने अवस्था कम भएर जान्छ।'

'अहिले यी सब कुरा चिकित्सकले गर्भवती महिलालाई बताउन नसक्दा उनीहरु हामीलाई सिजर गर्न दवाव दिइरहेका हुन्छन्। विशेषगरी गर्भवती महिलालाई पाँच कुरा बुझाउन जरुरी हुन्छ। हामीले गर्भवती महिलालाई सही तरिकाले बुझाउन सकिनौं भने उनीहरुले सिजरका लागि बढी प्रेसर गर्छन्। विशेषगरी महिलाहरुमा महिनावारी रोकिएको वा गर्भ रहेको शंका लागेमा शुरुमा नजिकैको स्वास्थ्य संस्था वा अस्पताल गएर स्वास्थ्य जाँच गराउनुपर्छ। त्यस्तै गर्भ रहेको थाहा भएपछि नियमित गर्भ जाँच, गर्भवती महिलाले गर्भ रहेदेखि नै नौ महिनासम्म नियमित आइरन र क्याल्सियम खानुपर्छ, टीटी खोप अनिवार्य भइहाल्यो अनि अस्पताल मै सुत्केरी गराउनुपर्ने सबैले जान्नैपर्ने पाँच कुरा हुन्।' -डा. खुश्बुले भनिन्। अझै पनि कतिपय महिलाहरु घरमै बच्चा जन्माउँछन् त्यो एकदमै गलत हो। गर्भवती महिलालाई घरमा बच्चा नजन्माउन सल्लाह दिने गरेको उनले बताइन्।

'बच्चा खेल्ने ठाउँमा नचाहेर पनि हामी डाक्टरले कैंची चलाउनुपर्ने बाध्यता हुन्छ।' -डा खुश्बुले भनिन् - 'बच्चा खेल्ने ठाउँमा बच्चा खेल्न दिन हो किन हामीले कैंची खेलाउने ? म चाहिँ बच्चा खेल्ने ठाउँ (पाठेघर)मा हत्तपत्त कैंची चलाउँदिन।'

बुवाको प्रेरणामा चिकित्सा विज्ञान अध्ययन गरेकी डा.खुश्बुले भारतमा रहँदा पनि अधिकांश गर्भवती महिलालाई नर्मल डेलिभरी कै शिक्षा दिइन्। नेपालमा पनि अहिले उनी उपचारसँगै यही शिक्षा दिइरहेकी छिन्। जसका कारण उनको चर्चा चुलिएको छ।

कतिपय अवस्थामा गर्भवती महिलाको अपरेशन गर्नुपर्ने हुन्छ। अपरेशन गर्नुपर्ने मापदण्ड बेग्लै छन् उनी भन्छिन्- 'आमा र बच्चाका लागि खतरा रहेको अवस्थामा अपरेशन गर्नैपर्ने हुन सक्छ। जस्तो ३५ वर्षभन्दा माथि उमेर भएपछि गर्भवती हुने अथवा १७ वर्षभन्दा कम उमेरको महिला गर्भवती भएर आए भने अपरेशन गर्नुपर्ने हुन्छ। सानो उमेरका केटीहरूको पाठेघरको राम्रो विकास भएको हुँदैन भने उमेर बढ्दै गएको महिला धेरै परिपक्व हुने गर्दछन्। उमेर ढल्कँदै जाँदा अन्य रोगहरू पनि लाग्ने हुनाले उनीहरूको यस्तो अवस्थामा अपरेशन गर्नुपर्छ।'

महिला गर्भवती भएदेखि नै नियमित स्वास्थ्य जाँच अनिवार्य छ। तर, अझै पनि सुत्केरी व्यथाले नच्यापी अस्पताल नजाने चलन छ। त्यस्तो अवस्थामा आमा र वच्चाको स्वास्थ्य अवस्था कस्तो छ थाहा नै नपाई हामी डाक्टरले सुत्केरी गराउनुपर्छ। यस्तो अवस्थामा सुत्केरी गराउँदा कतिपय महिलाको ज्यान नै जोखिममा हुन्छ। अहिले धेरैजसो डाक्टरले जोखिम मोल्न चाहँदैनन्। डाक्टरले त्यस्तो अवस्थामा गर्भवती महिलालाई अन्यत्रै अस्पताल रेफर गर्दा आमा र बच्चाको भविष्य झन् खतरामा पर्छ। हामीले आर्जन गरेको शिक्षा आखिर के का लागि ? डा. खुश्बुले प्रश्न गर्दै भनिन् - 'हाम्रै ठाउँमा अप्ठ्यारोमा परेका महिलाको सही तरिकाले उपचार गर्न सकियो भने मात्रै हामीले आर्जन गरेको ज्ञानले सार्थकता पाउँछ।

विशेषगरी किशोरीहरुमा महिनावारी कै समयदेखि समस्या शुरु हुन्छ। किशोरावस्थादेखि शुरु भएको महिनामारीको समयमा पेट दुखाई बढी हुने रगत बढी जाने समस्या अधिक हुन्छ यस्तो अवस्थामा डाक्टरकै सल्लाह लिनुपर्छ। 'मैले काम गरेको ठाउँ वीरगञ्जमा त्यस्ता धेरै महिलाहरु देखेकी छु। कर्मस पढ्न हिँडेकी म बुवा सुशीलकुमार अग्रवालको प्रेरणाले यो पाटो रोजे। मैले एड्बिसनको फर्म भर्ने बेलामा बुवाले हाम्रो घरमा पनि एकजना डाक्टर भए हुन्थ्यो भन्ने शब्द जब निकाल्नु भयो मलाई त्यही कुराले हिट गऱ्यो। भरिसकेको फर्म क्यान्सिल गरेर पुनः मैले डाक्टर पढ्ने निधो गरेर अर्को फर्म भरेँ।' -डा. खुश्बुले भनिन् - 'गाइनोक्लोजिष्ट चाहिँ मेरो समुदायका महिलाहरुको अवस्था देखेर उनीहरुलाई सेवा गर्न अध्ययन गरेकी हुँ। अहिले म झापामा छु। झापामा पनि महिलाहरु वीरगञ्जका महिलाहरुको जस्तै धरै समस्या लिएर आउने रोगी भेटेकी छु। रोग भए पनि महिलाले आफूमा भएका रोग खुलेर भन्दैनन्।' डा. खुश्बु भन्छिन्- 'महिलाका अनेक समस्या हुन्छन् तिनीहरुलाई मनोपरामर्शबाट समेत उपचार गर्न सकिन्छ। अहिले म उपचारसँगै परामर्श पनि दिन्छु।'

'महिलाहरुलाई महिनावारी शुरु भएपछि कसैलाई पेट दुखाई अत्यधिक हुन्छ। त्यस्तो अवस्थामा कसरी आफूलाई ठिक राख्ने यो पनि निक्कै महत्वपूर्ण कुरा हो। यस्तो कुरामा आमा नै सचेत छैनन् भने उनले आफ्नी छोरीलाई कसरी यो विषयमा शिक्षा दिन सक्छिन्। स्वास्थ्य जाँचको समयमा म कहाँ आउने हरेक महिलाहरुलाई यसखाले व्यवहारिक शिक्षा समेत दिने गरेकी छु।' -डा. खुश्बुले भनिन्- 'रोग लागेपछि उपचार गर्नु मात्रै हाम्रो धर्म होइन रोग लाग्न नदिने उपाय सिकाउनु पनि हाम्रो कर्तव्य हो।'

अहिले महिलामा स्तनको क्यान्सर, पाठेघरको मुखको क्यान्सर अत्यधिक मात्रामा हुने गरेको छ। डा. खुश्बुले पूर्वाञ्चलकर्मीसँगको कुराकानीमा भनिन् - 'महिलाहरुमा हुने सर्भाइकल क्यान्सरको लक्षण स्वरुप कहिलेकाहीँ सेतोपानी जाने, योनीबाट रगत बग्ने, फोहोरपानी गइरहेको छ भने तत्काल स्वास्थ्य जाँच गराउनुपर्छ। महिलामा यदि यस्तो समस्या देखा परेको छ भने डाक्टरलाई देखाउन अनिवार्य त भयो नै तर, यस्तो अवस्था आएको छैन भने पनि समय-समयमा डाक्टरलाई आफ्नो स्वास्थ्य जाँच गराउँदै आउन म सबै महिला दिदी-बहिनीहरुमा आग्रह गर्छु।'